म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १०९ बुधबार १३ मंसिर २०८० ने. सं. ११४४ कछलाथ्व 29 November 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न:**

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं ।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं ।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं ।
- धुम्रपान र मद्यपान नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

मनहरी खोलादोहन प्रकरण

# जिसस प्रमुख र सिडिओ अनुगमन पुगे, उत्खनन् रोक्न भनेर फर्किए

साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/ जिल्लाको पश्चिमी क्षेत्रस्थित मनहरी खोलामा साउनदेखि दिनहुँ दोहन भइर हँदा पनि सरोकारवाला निकाय मौन रहेको समाचार आएपछि सम्बद्ध निकायले चासो देखाएको छ ।

मनहरी खोलामा स्वार्थ समूहको रजगज चलिरहँदा राज्यको अमूल्य सम्पत्ति प्राकृतिक स्रोतको चरम दोहन र राजश्व दुवै गुम्दा पनि सरोकारवाला निकायहरु चुपचाप बनेपछि साझाकुराले ११ मंसिर सोमबार 'मनहरी खोलाको चरम दोहन, जनप्रतिनिधिदेखि सिडिओकै मिलेमतोको आशंका' शीर्षकमा समाचार प्रकाशित गरेको थियो । समाचार प्रकाशित भएपछि सरोकारवाला निकाय जिल्ला अनुमगन समितिका संयोजकसमेत रहेका जिल्ला समन्वय समिति प्रमुख ललित घलान र अनुगमन समितिका सहसंयोजक रहेका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाई उत्खनन् भइरहेको मनहरी खोलामा मंगलबार अनुगमनमा पुगेका छन् ।

आन्तरिक राजश्व कार्यालय हेटौंडाका अधिकृत र सडक डिभिजनका प्राविधिक बोकेर जिसस प्रमुख घलान र सिडिओ सेढाई मंगलबार मनहरी बजारबाट करिब ५ सय मिटर माथि मनहरी क्रसर र दारिमबास बालुवा उद्योग सञ्चालन भइरहेको क्षेत्रमा पुगेका हुन् । जिल्ला अनुगमन समिति संयोजक घलानले मनहरी खोलामा अवैध उत्खनन् भएको पुष्टि गरे । 'हामी अनुगमनमा पुगेर उत्खनन् भइरहेको क्षेत्र निरीक्षण गऱ्यौं ।



त्यहाँको क्रसरले अवैध उत्खनन् गरेको पाइयो ।', संयोजक घलानले भने ।

राक्सिराङ गाउँपालिका र मनहरी गाउँपालिकाको सीमाक्षेत्रमा पर्ने मनहरी खोलामा मनहरी क्रसर उद्योग र दारिमबास बालुवा उद्योगले साउन महिनादेखि नै नदीजन्यपदार्थको (ढुंगा, गिट्टी र बालुवा) अवैध उत्खनन् गरिरहेका थिए । कानुनत: असार, साउन र भदौमा खोलामा मान्छेले पनि उत्खनन् गर्न पाउँदैनन् । तर, यी दुई क्रसरले मेसिनसहित टिपर र ट्याक्टर प्रयोग गरेर मनहरी खोलाको दोहन गरिरहेका थिए । मनहरी खोलाको दक्षिणतर्फ मनहरी गाउँपालिकाको कार्यक्षेत्रमा पर्ने दुईवटा क्रसरले अवैध खोलादोहन गरिरहँदा पनि ६ सय मिटर नजिकैको इलाका प्रहरी कार्यालय मनहरी कानमा तेल हालेर बसेको थियो ।

अनुगमनमा पुगेका जिसस प्रमुख घलान र सिडिओ सेढाईंले तत्काल उत्खनन् रोक्न निर्देशन दिएका छन् । अवैध रुपमा सञ्चालन भइरहेको मनहरी क्रसर उद्योग र दारिमबास बालुवा उद्योग सञ्चालन नगर्न पनि निर्देशन दिएको घलानले बताए । प्राविधिकसहित बन्दोबस्तीले अनुगमन पुगेका घलान र सेढाईं उत्खनन् रोक्न मौखिक निर्देशन दिएर अपरान्ह ४ बजे हेटौंडा फर्किएका हुन् । 'अहिलेलाई मौखिक निर्देशन दिइएको छ । तत्कालै लिखित निर्देशन आउने र छानबीन पश्चात मात्रै थप प्रक्रिया अगाडि बढाउने कुरा भएको छ ।', अनुगमनमा रहेका स्रोतले भन्यो ।

क्रसरहरुले अवैध उत्खनन् गरेको भेटिएको र मनहरी गाउँपालिकालाई यथार्थ वस्तुस्थितिबारे प्रतिवेदन बुझाउन निर्देशन दिएको अनुगमन समिति संयोजक घलानले बताए । उनले क्रसरलाई जरिवाना गर्नुका साथै घाटगद्दी गरिएको नदीजन्यपदार्थ जफत गरेर थप कानुनी प्रक्रिया अगाडि बढाएर जाने प्रतिबद्धता जनाए । 'गल्ती गरेको विषयमा जरिवाना हुन्छ । नदीजन्यपदार्थ पनि जफत हुन्छ । मनहरीलाई गत आव २०७९/८० सम्मको र चालू आव २०८०/८१ मंसिरसम्मको स्टक परिमाण बुझाउन भनेका छौं ।', घलानले भने ।

राक्सिराङ गाउँपालिका कार्यालयले मंसिर ४ गते मनहरी गाउँपालिका कार्यालयलाई पत्राचार गर्दै जिल्ला समन्वय समिति, जिल्ला प्रशासन, जिल्ला प्रहरी, डिभिजन वन कार्यालय राप्ती, इलाका प्रहरी कार्यालय मनहरी र प्रहरी चौकी चैनपुरलाई बोधार्थ दिएर अवैध दोहन रोक्न अनुरोध गरेको थियो । राक्सिराङ गाउँपालिकाले पटक-पटक मौखिक अनुरोध गर्दासमेत दोहन नरोकिएपछि पत्राचार गरेको थियो । दुई क्रसरले महिनौदेखि दोहन गरिरहेको मनहरी खोलाबाट करिब ५ सय घरधुरी रहेको मनहरी बजार नजिकै पर्छ ।

अवैध उत्खनन्मा सक्रिय दुवै क्रसर उद्योग अवैध हुन् । पुल, बस्ती र वन क्षेत्रबाट ५ सय मिटर टाढा मात्रै क्रसर उद्योग राख्न पाइन्छ । तर, मनहरी क्रसर उद्योग र दारिमबास बालुवा उद्योग मादपण्डविपरित चलेका छन् । मनहरी बजारबाट ५ सय मिटर नजिकै र वन क्षेत्रसँगै जोडिएका क्रसर र बालुवा उद्योग निर्वाध सञ्चालन भइरहेका हुन् । क्रसरले मनहरी खोला नै कब्जा गरेर नदीजन्यपदार्थ घाटगद्दी गरेको हो । ९ नम्बर वडाको ज्यामिरेमा दर्ता भएर मनहरी क्रसर दुई वर्ष अघि मात्रै ८ नम्बर वडामा स्थानान्तरण भएको बुझिएको छ । जुन कानुनविपरित हो । अवैध क्रसर दुई वर्षदेखि चलिरहँदा पनि सरोकारवाला निकाय मौन छ ।

मनहरी क्रसर उद्योग र दारिमबास बालुवा उद्योगले दोहन गरिरहेको खोलामा वातावरणीय प्रभाव मूल्यांकन (आइईई) स्वीकृत नभएको राक्सिराङ गाउँपालिकाले जानकारी दिएको छ । चालू आर्थिक वर्ष २०८०/८१ मा जिल्ला अनुगमन समितिले जिल्लाका १० वटै स्थानीय तहमा नदीजन्यपदार्थ उत्खननका लागि अनुमति दिएको छैन । चालु आवमा जिल्ला अनुगमन समितिले नयाँ वातावरणीय प्रभाव मूल्यांकन (आइईई) स्वीकृत नगर्नु, उत्खननमा ठेक्का लगाउन वा अमानतमा संकलनको अनुमति नदिएकाले सीधै खोलाबाट उत्खनन् गर्न पाईंदैन । मापदण्ड अनुसार विगतमा स्टक प्रमाणित भइसकेको ढुंगा, गिट्टी बालुवा राजश्व तिरेर निकासी गर्न र आइईई स्वीकृत भएको स्थानबाट मात्रै उत्खनन् गर्न पाइन्छ ।

# हेटौंडामा आजबाट एसियाली बुद्धिचाल प्रतियोगिता

साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/ हेटौंडामा पहिलो पटक एसियाली खुल्ला रेटिङ बुद्धिचाल प्रतियोगिता हुँदैछ । आज बुधबारदेखि सुरु हुने प्रतियोगितामा १ सय २० जना खेलाडीले सहभागिता जनाउँदैछन् ।

काठमाडौं पछि मोफसलमा पहिलोपटक एसियाली देशहरुको सहभागितामा प्रतियोगिता हुन लागेको आयोजक बुद्धिचाल संघ मकवानपुरका अध्यक्ष मनोज श्रेष्ठले जानकारी दिए । प्रतियोगिता ५ दिनसम्म चल्नेछ । प्रतियोगितामा नेपालसहित भारत, बंगलादेश र श्रीलंकाका १२० जना खेलाडीले सहभागिता जनाउने श्रेष्ठले बताए । स्विस नियमअनुसार हुने प्रतियोगिता ९ चरणमा खेलाइनेछ ।

प्रतियोगितामा सहभागिताका लागि १० हजार रुपैयाँ रजिस्ट्रेसन शुल्क तोकिएको छ । प्रतियोगितामा सहभागी खेलाडीका लागि खाने र बस्ने व्यवस्थापन आयोजकले गर्नेछ । प्रतियोगितामा मकवानपुरका दुईजना र नेपालबाट ४० जना खेलाडी सहभागी हुँदैछन् । सबैभन्दा धेरै खेलाडी भारतबाट सहभागी हुने अध्यक्ष श्रेष्ठले बताए । बुद्धिचाल महासंघका केन्द्रीय महासचिव धरम




लामाले भारतबाट सबैभन्दा बढी खेलाडीले रजिस्ट्रेसन गरेको बताए । भारतबाट ६० जना भन्दा बढी खेलाडीले रजिस्ट्रेसन गरेका हुन् ।

बंगलादेशबाट ६ जना, श्रीलंकाबाट एक जना खेलाडीले नाम दर्ता गरेको उनले बताए । प्रतियोगिताको विजेताले एक लाख २५ हजार रुपैयाँ प्राप्त गर्दा दोस्रो स्थानमा रहने खेलाडीले ७५ हजार र तेस्रो स्थानका खेलाडीले ४० हजार रुपैयाँ हात पार्नेछन् । यसैगरी प्रतियोगितामा चौथो हुनेले २५ हजार रुपैयाँ र पाँचौं हुने खेलाडीले २० हजार रुपैयाँ जित्नेछन् । यस्तै छैठौंदेखि दशौं स्थानसम्मका प्रत्येक प्रतियोगिले नगद १५ हजार, एघारौंदेखि पन्ध्रौंसम्मले ११ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन् ।

प्रतियोगितामा उत्कृष्ट महिला, उत्कृष्ट भेट्रान्स, उत्कृष्ट जुनियर, उत्कृष्ट स्थानीय लगायत विभिन्न विधामा ३८ जनाले नगदसहित पुरस्कार प्राप्त गर्ने महासचिव लामाले बताए । प्रतियोगिता आयोजनाका लागि ६१ लाख १२ हजार रुपैयाँ खर्च हुने अनुमान आयोजकले गरेको छ । प्रतियोगिता सञ्चालनका लागि हेटौंडा उपमहानगरपालिका, हेटौंडाका केही वडा कार्यालय, प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेश र राष्ट्रिय खेलकुद परिषदले आर्थिक सहयोग उपलब्ध गराएको उनले बताए । बुद्धिचाल संघ मकवानपुरले यसअघि मकवानपुरका खेलाडीलाई प्राथमिकतामा राखेर मेयर कप प्रतियोगिता आयोजना गर्दै आएको थियो ।

# उपाधिका लागि रियल स्टार र मकवानपुर भिड्दै

साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/ हेटौंडामा जारी स्व. सुदर्शन घिमिरे स्मृति यु-२१ हेटौंड च्यालेञ्ज कप नकआउट फुटबल प्रतियोगिताको फाइनल खेल आज बुधवार हुँदैछ ।

उपाधिका लागि रियलस्टार क्लब र रिगल हेटौंडा रिसोर्ट एन्फा मकवानपुर भिड्ने भएका हुन् । सोमबार प्रतियोगिताका दुई सेमिफाइनल खेलमा जित निकाल्दै मकवानपुर र रियलस्टार भिड्ने भएका हुन् । पिप्ले क्याम्पा रंगशालामा भएको पहिलो सेमिफाइनलमा रियल स्टारले नवजनजागृति युवा क्लबलाई टाईब्रेकरमा ४-३ ले हराएको थियो । निर्धारित समयको खेल दुवै टोलीले गोलरहित बराबरी खेलेका थिए । खेलमा रियलस्टारका सोहन मोक्तान म्यान अफ द म्याच घोषित भए ।

सोमबार नै भएको दोस्रो सेमिफाइनल खेलमा मकवानपुरले सहिदस्मृति क्लबलाई टाईब्रेकरमा ५-३ गोलले हराउँदै उपाधि नजिक पुगेको हो । दुई टोलीले पनि निर्धारित समयको खेल गोलरहित बराबरी खेलेका थिए । खेलमा एन्फा मकवानपुरका कृषल मोक्तान म्यान अफ द म्याच घोषित भए । एफसी मुण्डियाल, हेटौंडाको आयोजनामा भएको प्रतियोगिता विजेताले उपाधि सहित नगद १ लाख ११ हजार १ सय ११ रुपैयाँ र उपविजेताले ५५ हजार ५ सय ५५ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ ।

## थाहा आइडलमा ३३ जना प्रतिस्पर्धीको टुंगो




साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/थाहा नगरपालिकाको इन्द्रायणीचौरमा १४ मंसिरबाट हुने चौथो थाहा महोत्सवमा थाहा आइडल प्रतियोगिता हुँदैछ । प्रतियोगितामा थाहा नगरपालिकाकै ३२ जना र मोरङका १ जना गरी ३३ जनाले सहभागिता जनाउने टुंगो लागेको थाहा आइडलका संयोजक यादवजंग रायमाझीले जानकारी दिए ।

थाहानगर उद्योग वाणिज्य संघको मुख्य आयोजना तथा थाहा नगरपालिकाको आयोजना र ईन्द्रायणी कालाभैरव गुठिको सहआयोजनामा मंसिर २५ गतेसम्म थाहानगरमा बृहत थाहा कृषि, पर्यटन तथा व्यापार साँस्कृतिक महोत्सव सञ्चालन हुँदैछ । 'पहिलो दिनमै ३३ जनाबाट टप २० जना प्रतिस्पर्धी छनौट गर्छौं ।', संयोजक रायमाझीले भने, 'टप ६ बाट भोटिङको व्यवस्था गर्ने छौं ।',

प्रतियोगितामा कलाकार विजयश्याम अमात्य र अर्का एकजनाले निर्णायकको भूमिका निर्वाह गर्नेछन् । थाहा आइडललाई निरन्तरता दिनुको साथै लोकल कलाकारलाई स्टेजको 'प्लेटफर्म' दिने उद्देश्यले थाहा आइडल आयोजना गरेको उनले बताए । आइडलको उपाधि जित्नेले नगद ३० हजार रुपैयाँ, द्वितीय हुनेले नगद २० हजार रुपैयाँ र तृतीय हुनेले नगद १० हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

## कटुवा पेस्तोल र बुलेट बरामद

साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले कटुवा पेस्तोल र बुलेट बरामद गरेको छ । प्रहरीले राक्सिराङ गाउँपालिका वडा नम्वर १ स्थित दुङ्खोलाबाट अवैध कटुवा पेस्तोल १ थान र बुलेट २ थान बरामद गरेको मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

प्रहरीचौकी चैनपुर र इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरी टोलीले पेस्तोल र त्यसमा लाग्ने गोली (बुलेट) बरामद गरेको हो । घटनाको सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाइएको छ ।

# नेपाल स्काउट बागमती प्रदेशको युवामञ्च गठन



साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/ नेपाल स्काउट बागमती प्रदेशको आयोजनामा भएको 'युथ फोरम २०२३' र 'स्काउट पिस एण्ड सेक्युरिटी तथा युथ फोरम कार्यक्रम ५ दिने तालिम' मंगलबार हेटौंडामा समापन भएको छ ।

नेपाल स्काउट बागमती प्रदेश संयोजक शिवराम अर्यालको सभाध्यक्षतामा भएको समापन कार्यक्रममा स्काउटका केन्द्रीय संयोजक लोकबहादुर भण्डारीको प्रमुख आतिथ्यता रहेको थियो । फिनल्याण्ड-नेपाल साझेदारी परियोजनाअन्र्तगत दुइ दिन संचालन भएको शान्ति र सुरक्षा तालिम कार्यक्रममा प्रोजेक्ट अफिसर प्रकृति उप्रेतीले सहजीकरण गरेकी थिइन् । विश्व स्काउटको युवा सहभागितको विषयलाई लिएर बागमती प्रदेशस्तरीय युथ फोरम २०८० सम्पन्न भएको हो । नेपाल स्काउटका राष्ट्रिय निर्देशक राम भट्टराईले विश्व स्काउट युवा कार्यक्रम, युवाका सवाल र युथ फोरमको अवधारणाबारे सहजीकरण गरेका थिए ।

युवा सहभागिता, नीति निर्माण र युवाका विकासका सवालमा कार्यक्रमहरु निर्माण गर्नको लागि नेपाल स्काउटले बागमती प्रदेशको युथ फोरम गठन गर्नको लागि १३ वटै जिल्लाबाट आएका विभिन्न स्काउट क्र्यूबाट आएका युवा सहभागीले नयाँ कार्यसमिति चयन गरिएको हो । भावना शाहको संयोजकत्वमा सौरब न्यौपाने, सम्भव कोइराला, रेजिना ढकाल, गोविन्द पराजुली, प्रेमन ढकाल, आयुष गिरी, प्रसन्न खनाल, सलिना श्रेष्ठ, दीक्षा दाहाल, शैलजा अधिकारी रहेको ११ सदस्यीय कार्यसमिति चयन गरेको छ । नवनिर्वाचित सदस्यहरुलाई बागमती प्रदेश युथ फोरम कार्यक्रमका निर्वाचन अधिकृत अशोक सारुमगरले प्रमाणपत्र वितरण गरेका थिए । सोही कार्यक्रममा राष्ट्रिय युवामञ्चको सहभागिताको लागि पनि १२ जना सदस्यहरु चयन गरिएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल स्काउट राष्ट्रिय संयोजक भण्डारीले युवाहरु अब स्काउटका हरेक तहमा नेतृत्व लिनको लागि तयार रहनुपर्ने र गफ गरेर भन्दा काम गरेका कारणले अन्तराष्ट्रियस्तरमा नै नेपाल स्काउटले उच्च छवि बनाउन सफल भएको बताए । नेपाल स्काउटका केन्द्रीय समिति सदस्य विजेन्द्रलाल धोजु, स्काउट बागमती प्रदेश सदस्य अशोक सारुमगर, महेन्द्र राना, मकवानपुर जिल्ला पूर्वआयुक्त बेली थापा, पूर्वजिल्ला समन्वय आयुक्त ध्रुव विष्टलगायतको आतिथ्यता रहेको थियो ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# हिंसाका आँकडा र नेपाली समाज

नेपाली समाजमा पछिल्लो समय घरेलुहिंसाका घट्ना बढ्दो क्रममा देखिएको छ । हाम्रो समाजमा आफूले निर्वाह गर्नुपर्ने दायित्व बिर्सने र आडम्बरी कुरालाई ठूलो ठान्ने गलत अभ्यास पनि बढेको छ । बिभिन्न गैरसरकारी संघसंस्थाहरुले सबैखाले हिंसाबिरुद्ध काम गरिरहेका छन् तर, हिंसाका घटना कम भएको छैन । हिंसाका घटना बढेको देखिनुमा बिगतमा हाम्रो समाजमा भएका घरेलुहिंसाका घटना लुकाईन्थ्यो वा पीडितले सहेरै बस्ने गरेका थिए । हिजोआज लुकाउने र सहेर बस्ने भन्दा पनि उजुरी गर्ने र आफूलाई न्याय दिलाउन पहल गर्ने क्रम बढेका कारण हिंसका घटना बढेको पनि हुनसक्छ । लैंगिकहिंसाविरुद्धको विश्वव्यापी १६ दिने अभियान शनिबारदेखि सुरु भएको छ । संयुक्त राष्ट्रसंघको महासभाले प्रत्येक वर्ष नोभेम्बर २५ तारिखलाई महिलाहिंसा निर्मूलसम्बन्धी अन्तर्राष्ट्रिय दिवसको रुपमा विश्वभर मनाउने निर्णय गरेबमोजिम नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म विश्वभर लैंगिकहिंसाविरुद्धको १६ दिने अभियान समेत सन्चालन हुँदै आएको छ ।

नेपालमा पनि 'लैंगिकहिंसा अन्त्यको सुनिश्चितता, महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता' भन्ने राष्ट्रिय नाराकासाथ अभियान मनाइँदैछ । सामाजिक विकास मन्त्रालय बागमती प्रदेशले पनि अभियानको सन्दर्भमा सरकारी र गैरसरकारी क्षेत्रबाट प्रदेशका ११९ वटै स्थानीय तहभरि विभिन्न सचेतनामूलक कार्यक्रमहरु सन्चालन गरिरहेको छ । हरेक वर्ष सरकारी र गैरसरकारी संघसंस्थाहरुले महिलाको क्षेत्रका विभिन्न कार्यक्रम गर्दै आएपनि लैंगिकहिंसा भने बढ्दै गएको तथ्यांकले देखाएको छ । बागमती प्रदेशका १० जिल्लामा चालु आर्थिक वर्षको साउनदेखि कार्त्तिकसम्म ७ सय ८६ जना लैंगिकहिंसाका घटना भएको तथ्यांकले देखाएको छ । जसमा ४ सय २२ घरेलुहिंसाका घटना भएको पाइएको छ । बागमती प्रदेश प्रहरी कार्यालयका अनुसार चालु आर्थिक वर्षको साउनदेखि कार्त्तिक महिनाको अवधिमा सबैभन्दा धेरै चितवन जिल्लामा लैंगिकहिंसाको घटना भएको जनाएको छ । चितवनमा ४ महिनाको अवधिमा ८१ जना लैंगिकहिंसाको घटना परेका छन् भने १ सय ६७ घरेलुहिंसा भएको बागमती प्रदेश प्रहरी कार्यालयले जनाएको छ । दोश्रोमा मकवानपुर रहेको छ । ४ महिनाको अवधिमा मकवानपुरमा ५५ जना लैंगिकहिंसाको घटनामा परेका छन् भने १ सय २ जना घरेलुहिंसाको शिकार बनेको तथ्यांकले देखाएको छ । त्यसैगरी, सिन्धुलीमा ३४ जना लैंगिकहिसांमा परेका छन् भने १९ जना घरेलुहिंसाको उजुरी परेको बागमती प्रदेश प्रदेश प्रहरी कार्यालयले जनाएको छ । रामेछापमा ४ महिनाको अवधिमा १२ वटा लैंगिकहिंसाको उजुरी परेका छन् भने ५ वटा घरेलुहिंसाको उजुरी परेको जनाएको छ । दोलखामा २० जना लैंगिकहिंसामा परेका छन् भने ६ जना घरेलुहिंसामा परेको तथ्यांकले देखाएको छ ।

यसैगरी, काभ्रेमा ६२ जना लैंगिकहिंसामा परेका छन् भने ६० जना घरेलुहिंसामा परेका छन् । सिन्धुपाल्चोकमा २२ जना लैंगिकहिंसामा परेको तथ्यांकले देखाएको छ भने २१ जना घरेलुहिंसामा परेका छन् । धादिङमा ३७ जना लैंगिकहिंसामा परेका छन् भने २३ जना घरेलुहिंसामा परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । नुवाकोटमा ३१ जना लैंगिकहिंसाका घटना भएको छ भने १८ जना घरेलुहिंसामा परेको तथ्यांकले देखाएको छ । रसुवामा लैंगिकहिंसाका घटना सबै भन्दा कम भएको तथ्यांकले देखाएको छ । रसुवामा २ वटा लैंगिकहिंसाका घटना भएका छन् भने एउटा घरेलुहिंसाका घटना भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ । बागमती प्रदेश प्रहरी कार्यालयका अनुसार गत आर्थिक वर्ष २०७७/७८ मा १ हजार ९३ वटा लैंगिकहिंसाका घटना भएका छन् भने ११ सय २६ घरेलुहिंसाका घटना भएका छन् । त्यसैगरी, आव २०७८/७९ मा बागमती प्रदेशमा १ हजार ८ वटा लैंगिकहिंसाका घटना भएका छन् भने १५ सय ७४ घरेलुहिंसाका घटना भएका छन् । त्यसैगरी आव २०७९/८० मा ११ सय ७४ लैंगिकहिंसाका घटना भएका छन् १३ सय ४६ घरेलुहिंसा भएको तथ्यांकले देखाएको छ । प्रहरीका अनुसार बलात्कार, जबर्जस्ती विवाह, पितृसात्तात्मक सोच, मनोवैज्ञानिक असर तथा आफन्तलगायतका कारण लैंगिकहिंसा हुँदै आएको पाइएको छ । गरिवी, अशिक्षा र जनचेतनाको अभावले लैंगिकहिंसाका घटना हुने गरेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० मंसिर १४ गते बिहीबार, ३० नोभेम्बर २०२३ । तृतीया, कात्तिक शुक्लपक्ष । कछलागा ११४४ ने.सं. । सूर्योदय ६:३७, सूर्यास्त ५:०६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : प्रेममा विवाद आउनसक्नेछ | तुला | : नचिताएको काम सम्पन्न हुनेछ |
| वृष | : बोलिमा नियन्त्रण गर्नुपर्नेछ | वृश्चिक | : मिहिनेतको फल मिल्नेछ |
| मिथुन | : हाँसखेलमा दिन जानेछ | धनु | : स्वास्थ्यमा खराबी आउनेछ |
| कर्कट | : मनमा धेरै कुरा खेल्ने छन् | मकर | : शुभ कामको संकेत मिल्नेछ |
| सिंह | : रमाइलो यात्राको योग परेको छ | कुम्भ | : शरीरमा केही आलश्य हुनेछ |
| कन्या | : मन प्रसन्न रहनेछ | मीन | : सफलता मिल्न गाह्रो छ |

## सन्दर्भः लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान :

# कोही किन कमजोर हुन्छ ?



कल्याण श्रेष्ठ

लैंगिक हिंसा महिलाको मात्रै विषय नभएर सम्पूर्ण मानवको विषय हो । जेन्डर (सामाजिक लिङ्ग) र सेक्स फरक विषय हुन् । सेक्स भनेको भौतिक विषय हो भने जेन्डर सामाजिक रूपमा बनेको हुन्छ । गुण र अंगको आधारमा निर्मित सामाजिक भूमिका र भाष्य हो । सामाजिक भूमिकाहरू भन्ने वित्तिकै सशक्तीकरणको विषय जोडिन्छ । कोही किन कमजोर हुन्छ ? पैसा नभएर भनिएला, स्वास्थ्यको कुरा गरिएला, मूल्यमान्यताको विषय आउला । तर, यो सबैको निचोड हो- सशक्तीकरण ।

एक जना कराते प्रशिक्षित महिलाको अगाडि मैले म लोग्ने मानिस हो भन्ने आधारमै बलियो हुँ भनेर घोषणा गर्न सकुँला र ? जोसँग शक्ति छ, उही बलियो हुन्छ । शिक्षा, स्वास्थ्य र शक्तिमा पहुँच भएका महिला अरू धेरै पुरुषभन्दा बलियो हुन सक्छन् । अर्थात्, सशक्तीकरणको लाभ भएका मानिस सधैं बलिया हुन्छन् र यस्तो अवसर गुमाएको मानिस कमजोर रहन्छ ।

सशक्तीकरणको लाभ नपाउनेले र म्रो उपचार र शिक्षा पाउँदैन, परिमाणतः राम्रो रोजगारी र आय सुनिश्चित हुँदैन । यसले जीवनस्तर, स्वास्थ्य, मनोरञ्जन, सामाजिक हैसियत र राजनीतिक सहभागिता प्रभावित हुन्छ । सशक्तीकरणको लाभ छैन भने के मात्रै बिग्रँदैन, सबै बिग्रन्छ । त्यसैले यो बहुआयामिक प्रश्न हो ।

संसारमा लैंगिक हिंसाको कारणबाट अर्थतन्त्रमा चाप परेको छ । लैंगिक हिंसाको कारणबाट मात्रै संसारले कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को दुई प्रतिशत गुमाएको छ । यसको मूल्य १.५ ट्रिलियन डलर हुन्छ, जुन नोक्सान भइरहेको छ ।

कोभिड-१९ महाव्याधिबाट धेरै आहत हुने महिला नै भए । भूकम्प आउँदा महिला नै बढी क्षत-विच्छेद भए, बढी महिला नै असुरक्षित भए । अस्थायी शिविरमा महिला असुरक्षित छन् । स्वास्थ्य समस्या, हैजा आयो भने पनि सबैभन्दा बढी बिमार हुने महिला नै हुन्छन् । शिक्षामा मन्दीबाट महिला नै बढी प्रभावित हुन्छन् । कृषिमा खडेरी लाग्यो भने सबैभन्दा कम खाना महिलाले खानुपर्छ । युद्धमा प्रयोग गरिन्छ महिला । सबै ठाउँमा किन यस्तो हुन्छ ? रोग लाग्यो, खडेरी पऱ्यो, बाढी आयो सबैभन्दा बढी भयभीत हुने वर्ग महिला हुन्छ । यसकारण महिला विरुद्धको हिंसा बहुआयामिक प्रश्न हो ।

महिला संरक्षण गर्ने भनेको मैले मेरी आमा, छोरी र श्रीमतीलाई संरक्षण गर्ने हो । यो भनेको मैले मलाई नै संरक्षण गर्ने हो । मेरी आमा दास भए म कसरी मुक्त हुन्छु ? मेरी श्रीमती कमजोर भएपछि म कसरी बलियो हुनसक्छु ? मेरी छोरी असुरक्षित भएपछि म सुरक्षित कसरी ? मैले परिवारको सुरक्षाका लागि विशेष ध्यान दिइरहनुपर्ने भयो भने म कसरी उन्मुक्त हुन सक्छु त ? त्यसैले यसमा हामी कसरी जोडिएका छौं भनेर बुझ्न र बुझाउन जरूरी छ ।

लैंगिक हिंसा महिलाको समानता, स्वतन्त्रता, महिला मानवअधिकार, महिला सशक्तीकरण र महिला शिक्षाको विषय हो । त्यसैले यसमा मानवअधिकारको यात्रादेखि बेइजिङ पक्षका कुराहरू छन् । महिलाको शान्ति र सुरक्षाको कुरा जोडेर लैंगिक हिंसाको बारेमा १६ दिने कार्यक्रम संसारभरि नै लागू भइराखेको छ ।

हिंसा भनेपछि पीडित र पीडकको विषय पनि आउँछ । यस्तोमा परिचयात्मक गोपनीयताको विषय पनि छ । यहाँनेर स्मरणीय छ, मिडिया उजागर गर्न चाहन्छ । कुनै घटना, तथ्य वा विचार, अन्तर्यलाई प्रकाशमा ल्याउन चाहन्छ । तर के सबै कुरा प्रकाश गर्न लायक हुन्छ ? गोपनीयतालाई अन्तर्राष्ट्रिय कानुन र नेपालको संविधान र कानुनले पनि हक मान्दछ । गोपनीयता भएपछि मिडियाको स्वतन्त्रतामा असर पर्छ कि पर्दैन ? अर्थात्, उजागर गर्ने पेशामा हुनेको पनि गोपनीयताको विषय हुन्छ । यो बुझेर गोपनीयताको विषय ख्याल गर्नुपर्ने देखिन्छ ।

हिंसाका कैयन् विषय आपसमै मिलाउने प्रवृत्ति समाजमा व्याप्त छ । हिम्मत गर्नेहरू पनि छन् । हिम्मत नभएको भए जबरजस्ती करणीको मुद्दा अदालतमा पुग्ने थिएनन् । त्यसकारण हिम्मत छँदैछैन भन्न सक्दिनँ र हिम्मत छ भन्न पनि सक्दिनँ । संसारमै यस्तो छ । अमेरिकामा पनि सबै बलात्कारको केसहरू प्रहरीमा उजुरी गरिँदैन, केवल ६० प्रतिशतले मात्रै उजुरी दिन्छन् । बलात्कार जस्तो विषयमा किन पुलिसमा रिपोर्ट गर्दैनन् ? किनकि यसका केही जोखिम छन् ।

हिंसालाई पनि मानिसहरू व्यवस्थापन गर्न चाहन्छन् । केही सहन्छन् । त्यो सहनुपर्ने बाध्यता किन हुन्छ ? किनभने हिंसामा परेको विषय सार्वजनिक हुँदा दाग लाग्ने भनिन्छ । हिंसामा परेको सार्वजनिक भएपछि समाजमा खुलेर हिंडडुल गर्न सक्दैनन्, स्कुलमा गएर राम्रो पढ्न सक्दैनन्, आत्मग्लानि हुन्छ, हीनभावले ग्रस्त हुन्छन्, साथीले हेय भावले हेर्छन्, मानसिक आघात हुन्छ, समग्रमा आत्मविश्वास गुम्छ । त्यसपछि भविष्यका सम्पूर्ण सकारात्मक सम्भावनाहरू जोखिममा पर्छन् ।

भागौं-भागौं, लुकौं-लुकौं, मरौं-मरौं, नभनौं-नभनौं जस्तो लाग्छ, थाहा पाएपछि परिवारलाई पनि त्यस्तै लाग्छ । कसरी व्यवस्थापन गर्ने हो भनी चिन्ता लाग्छ । यो महत्वपूर्ण कुरा हो ।

हामीले बुझ्नुपर्छ, सबैभन्दा पहिला हामी व्यक्ति हौं । हामी पहिले निजी जिन्दगी बाँच्दछौं । सामाजिक प्राणी जति भने पनि जन्मिंदा व्यक्तिका रूपमा जन्मिन्छौं । म मै भएर जन्मिएको हो, कहाँ समाज भएर जन्मिएको हो र ! समाजको सदस्यता मैले पछि प्राप्त गरेको हो । अर्थात्, मेरो जन्मसँग मेरो निजत्व छ । निजत्वभित्र स्वायत्तता छ । मैले आफ्नो ढंगले सास फेर्न पाउनुपर्छ । मैले आफ्नो ढंगले खान पाउनुपर्छ । आफ्नो ढंगले सोच्न पाउनुपर्छ । यो मेरो स्वायत्तता हो ।

मैले आफूले आफैं ठीक र बेठीक छुट्याउन पाउनुपर्छ । यो निजत्व र यसभित्रको स्वतन्त्रता, मेरो गरिमा र प्रतिष्ठा निजी हो । यो विषय गोपनीयता र पहिचानसँग जोडिन्छ । मानव स्वतन्त्रताको सबैभन्दा ठूलो विषय हो- उसको व्यक्तित्व, आत्मीयता, पहिचान, निजत्व, स्वायत्तता र स्वतन्त्रता । स्वतन्त्रतापूर्वक निर्णय गर्न सक्ने क्षमता मानिसको पहिचान हो । यसलाई हामीले महत्व दिनुपर्छ । समाजसँगको सम्बन्ध यसपछि मात्रै जोडिन्छ ।

यो विषयमा सञ्चार क्षेत्रले कसरी काम गर्न सक्छ ? कुनै घटना पत्रकारको आँखा अगाडि पर्छ । कहींकतै कुटिरहेको छ भने त्यो कुटेको घटनामा पत्रकारको आँखा सीमित हुँदैन, हुनुहुँदैन । त्यो कुट्ने को हो ? कुटिने को हो ? कुटिएको किन हो ? कुटिएको समय कतिबेला हो ? कुटिएको पृष्ठभूमि के हो ? किन कसैले कुटाइ खाएको छ र कोही किन कुट्न सक्ने हैसियतमा छ ? यो तथ्य, इतिहास र समाज, ती पात्रको मनोविज्ञान, अर्थतन्त्र लगायत धेरै कुरा पत्रकारको आँखा अगाडि नाच्दछन् । अमूक घटना क्यामेराले खिचे जस्तो पत्रकारको आँखा होइन र हुनुहुँदैन । क्यामेरा केवल औजार हो भने पत्रकार दृष्टिकोण हो । पत्रकारको आफ्नै अन्तर्य छ, आत्मा छ, ज्ञान छ, अनुभव छ, अपेक्षा छ, आफ्नै इतिहास हुन्छ । यी सबै कुरा पत्रकारको नजरमा बस्छ । पत्रकारले कुनै समाचार छाप्ने कि नछाप्ने भनी निर्णय लिन्छ, सबै छापिँदैनन्, छापिएकाहरूको समय के हो ख्याल गरिएला ।

दृष्टिकोण र विवेकको धनी पत्रकारले त्यही रूपमा प्रकाशन/प्रसारण योग्य छ भनेर निर्णय लिएको विषयको अर्थ हुन्छ । कुनै समाचारले यो वर्ग लाभान्वित हुन्छ, यो वर्गलाई खतराको घण्टी बजाउँछ भनेर निर्णय लिन्छ । कुनै पनि समाचार छापिनुभन्दा अगाडि निकै गम्भीर निर्णय लिइन्छ भन्ने विश्वास लाग्दछ ।

यसकारण व्यक्तिको गोपनीयतासँग सञ्चार क्षेत्रको सम्बन्ध छ । हिंसा न्यूनीकरणमा अर्थपूर्ण उपस्थिति छ । समाजलाई सूचना, समाचार चाहिन्छ । सूचना शिक्षा, संस्कृति, सभ्यता जान्ने, बुझ्ने र व्यवहार परिवर्तनको माध्यम हो । सूचना नै मानिसको निर्णय गर्ने माध्यम हो । सूचनाबाटै मानिसले आफ्नो स्तर वृद्धि गर्दै जान्छ । अरू सुते सुतून्, पत्रकार जागिरहन्छन्, हेर्नेले देख्छ, नहेर्नेले देख्दैन । तर, पत्रकारहरू बलिरहन्छन्, पत्रकारहरू बालिर हन्छन् । यो काम गर्दा के देखाउने के नदेखाउने भनी निर्णय पत्रकारले लिन्छ र त्यस मार्फत समाज कस्तो बनाउने भनी योगदान समेत गरि रहेको हुन्छ ।

यस दृष्टिबाट हिंसा विरुद्धको चेतना, लैंगिक असमानता, यसको कारण, परिस्थिति, आयाम र परिणाम केलाएर त्यस मार्फत समाजलाई डोऱ्याउनुछ । परिणाम हेरियो भने अवस्था डरलाग्दो छ । विश्वयुद्ध भयो भने लैंगिकता जोडिन्छ ।

सम्बन्धमा लैंगिकताले अर्थ राखिरहेको हुन्छ । अनिकाल परे पनि असमानता देखिइराखेको हुन्छ । पहिले कमाउनेले खाने हो, लोग्ने मानिसले खाने हो । बचेको अन्तिममा खाने कसको भागमा पर्छ ? हरेक घटनामा पछाडि महिलालाई पारेका छौं, महिला पछाडि परेका छन् ।

यो अन्त्य गर्ने प्रक्रियामा हामी छौं भने आफ्नो भूमिकालाई पुनरावलोकन गरेर हेर्न आवश्यक छ । हिंसा विरुद्ध हरेकले आफ्नो सकारात्मक भूमिका निर्वाह गर्नुपर्दछ । हरेकले आफ्नो व्यवहारले शिक्षा दिने, समाजलाई गति दिने ढंगले सोच्न जरूरी छ ।

महिला हिंसा आतमसम्मान, व्यक्तिगत स्वतन्त्रता र सुरक्षाको विषय हो । मैले मै जस्तो गरी जिउन पाउनुपर्छ, यही हो सुरक्षा । मैले मै जस्तो निर्णय गर्न पाउनुपर्छ, त्यही मेरो सुरक्षा हो । मैले स्वतन्त्रतापूर्वक सोच्न पाउनुपर्छ । मैले व्यक्तिगत क्षमताको प्रयोग गर्न पाउने प्रत्याभूति हुनु नै सुरक्षा हो । हरेक व्यक्तिले आफ्नो क्षमता प्रयोग गर्न नसक्ने समाज असुरक्षित समाज हो । सुरक्षा, स्वतन्त्रता, स्वायत्तताको अनुभूति नै सुरक्षा हो । अन्यथा, हामी प्राप्त सुविधाहरूको उपयोग गर्न सक्दैनौं र पछि पर्छौं । कमजोर हुन्छौं, एउटा पूर्ण मानवको रूपमा विकसित हुन सक्दैनौं ।

क्रिया गर्न नसकेपछि समाजको सदस्यको रूपमा स्थापित हुन सक्दैनौं र समाजलाई कुनै प्रकारको योगदान पनि गर्न सक्दैनौं । यसलाई राम्रोसँग ध्यान दिनुपर्छ । यही नै हिंसा विरुद्धको अभियान हो ।

म एउटा न्यायकर्मीको अनुभव भएको मानिस हुँ । हिंसा न्यूनीकरणमा केही फैसलाहरू गरें । तर, त्यो एउटा सानो अंश मात्रै हो । संसारमा संविधान छ, मानवअधिकार सम्बन्धी धेरै विषय छन्, धेरै घटना छन्, सरकारहरू छन् ।

मानवअधिकारका व्यापक प्रयोगका विषय छन् । समावेशिता र सहभागिताको कुरा गरिरहेका छौं । यी सबै सान्दर्भिक पनि छन् । तथापि, जुन हैसियतमा हामी जहाँ पुग्नुपर्ने हो त्यहाँ पुग्न सकेका छैनौं । १६ दिने महिला हिंसा विरुद्धको अभियान अन्तर्गत कार्यक्रम गर्नुपर्नाको कारणले तथ्य देखाउँछ- अहिले पनि महिलाको हैसियत डिसइम्पावर्ड (शक्तिहीन हुनु) नै हो । संविधान, ऐन, कानुनले सुनिश्चित गरेतापनि हैसियत औसतमा पछाडि परेकै छ । राजनीतिक सहभागिता, सेवामा समावेशिता, शिक्षा, स्वास्थ्य, रोजगारी आदिमा पनि महिला पछाडि परेकै अवस्था छ ।

महिलालाई पुरुषलाई जत्तिकै हक-अधिकार सुनिश्चित छ । महिलाले प्राप्त हकहरूको उपभोग किन गर्न सक्दैनन् ? यसको कारण छ । किन महिलाका लागि सकारात्मक विभेद (आरक्षण)का कार्यक्रम ल्याउनु परेको छ ? विभेद कुनै पनि हकमा अनावश्यक हुनुपर्ने हो । तैपनि हामी यसको औचित्य खोजिरहेका छौं किनभने, अहिले पनि व्यवहारगत वा परिणामात्मक रूपमा महिला र पुरुष समान भइसकेको अवस्था छैन ।

कुनै पुरुषलाई कसैले कुट्यो भने कुटपिट सम्बन्धी मुद्दा दायर गर्न पुग्छ । आफैंले प्रतिकार पनि गर्न सक्छ । तर कुनै महिलालाई कसैले उत्पीडन गरिदियो भने किन मुन्टो लुकाएर भाग्नुपर्ने ? वा त्यो टोलै छोड्नुपर्ने, मुख रातो बनाएर हिंड्नुपर्ने, कसैसँग सेयर गर्न नसक्ने, घरमा गएर पनि भन्न नसक्ने, छट्पटाएर हिंड्नुपर्ने अवस्था किन हुन्छ ? यस्तो परिस्थिति छ ।

न्याय सेवा प्राप्त गर्ने कुरामा पनि महिलाहरू समान हैसियत राख्दैनन् । म प्रधानन्यायाधीश हुँदा न्यायमा पहुँच आयोग गठन भएको थियो । न्यायमा कुन वर्गको पहुँच छ भन्ने अध्ययनका लागि आयोग गठन गरिएको थियो । नेपालको कुल जनसंख्यामा हिसाब गर्दा १०/१५ प्रतिशत भन्दा बढीको न्यायमा पहुँच छैन । त्यसमध्ये महिलाको पहुँच कति होला ?

पछिल्लो समय अलिकति न्याय खोज्न आएको देखिन्छ । केही सम्पत्तिको मुद्दामा महिलाहरू आउन थालेको देखिन्छ । होइन भने सम्पत्तिको मुद्दा लिएर महिला न्यायालय गएको हुँदैन । रोजगारी, प्रमोशन, चुनाव, करार, ठेक्काको मुद्दा लिएर महिलाहरू अदालत गएका हुँदैनन्, छैनन् । केही लागूऔषधको भरिया भएर आएको छ । घरेलु हिंसाको पात्र र पीडित भएर आएको छ । जबरजस्तीकरणीको पात्र भएर आएको छ । गर्भपतनको प्रतिवादी भएर आएको छ । सशक्तीकरण देखिने कुन मुद्दामा महिला आउँछन् ? चुनाव, ठेक्कापट्टा, प्रमोशनको मुद्दामा आउँदैनन् । अहिले आइरहेको मुद्दामा आएकोलाई न्यायको पहुँच भन्न मिल्यो ? त्यो त तानेर ल्याएको मानौं, पीडित भएर आएको छ । त्यो पनि सरकारले ल्याइदिएको छ । न्यायमा महिलाले पनि समान लाभ पाउनुपर्ने सिद्धान्त हो । यहाँ बुझ्नुपर्छ- समान लाभ पाउन समान रूपमा लाभमा दाबी गर्न सक्ने हैसियत चाहिन्छ । दाबी गर्ने अवस्था नै छैन ।

महिलाको हकहरू प्रयोग गर्ने वा त्यसमा आनन्दित हुने अवस्था छैन । तर, अपराध पीडित भएको अवस्था छ । मैले कहिलेकाहीं जेलमा महिला सेलमा गएर अवलोकन गर्दा देखें- कतिपय त ५/१० हजार धरौटी तिर्न नसकेर बसिरहेका छन् । परिवार छैन भनी सोध्दा थाहा भयो- लोग्ने आएन, बाबुआमा बेइज्जत गऱ्यो भनेर गएनन् र स्वयंको आम्दानी छैन । यस्तोमा सानो रकम पनि तिर्न नसक्ने असहाय अवस्थामा भएकाहरूको न्यायको अवस्था के होला, अनुमान लगाउन सकिन्छ ।

समाजमा दैनिक कति घरेलु हिंसा हुन्छ होला, कति जबरजस्तीकरणी हुन्छ होला । घर-घरका कथाहरू होला । कति रिपोर्ट हुन्छ वा गर्न सक्छौं ? रिपोर्ट गर्न कति दिन्छौं ? जबरजस्तीकरणीको घटनाहरूमध्ये साह्रै कम मात्रै रिपोर्ट हुन्छ भन्ने लाग्दछ । जो देखिइसक्यो, जो लुकाउनै नसक्ने भयो, कुनै ढंगले असह्य अवस्थामा पुगेपछि मात्रै रिपोर्ट हुन पुग्छ । नत्र लुकाइन्छ ।

यस्तो हुन्छ किन ? किनभने न्यायको प्रक्रिया र बन्दोबस्तमा प्रवेश गर्न नै यातना, असुविधा, अपमानबोध छ । त्यसैले पीडितहरूमा हिम्मत आउन सक्दैन । यदि पीडितले आफ्नो हिंसा व्यक्त गर्न नसक्ने हो भने प्रहरी, वकिल, न्यायको के काम ? राज्यको उपयोगिता के ? कस्तो प्रणाली हो यो ? जसको हिफाजत गर्नका लागि यी सबै संरचना बनाइएको छ त्यसको उपयोग गर्न सक्ने हैसियत नै सम्बन्धित वर्गको रहेन, दाबी गर्न सक्ने क्षमतै रहेन भने के हुन्छ ? त्यही भइरहेको छ ।

यसको हजार समस्या छन् । हामी समस्या जाहेर गर्नुपर्छ भन्छौं तर आफूलाई नपरेसम्म । आफैंलाई परे आजै निर्णय गर्छौं कि एक महिना लाग्छ ? सल्लाह गरौं, के भन्छन् घरपरिवार साथीभाइ आदिले । नत्र एकैचोटि बेइज्जत गरेको भन्न सक्छन् भनेर सल्लाह लिंदा सकेसम्म नजा भन्ला, लुकाइदे भन्ला । यो ठाउँमा राखेर भएन अर्को ठाउँमा पढ्न वा रोजगारी गर्न पठाइदे भनेर पठाइएला । यावत् कुराहरू हुन्छन् ।

रिपोर्ट सकेसम्म गर्दैनौं, किनभने अपराध भोग्नेले त्यो कथाभन्दा वाक्क हुन्छ । प्रहरीमा गयो सोध्छ, भन्नै पऱ्यो, सरकारी वकिलमा गयो अझ रमाइलो मानेर सुन्छ, अदालत गयो उसले पनि रमाइलो मान्छ । सबै रमाइलो मान्छन्, रमिता जस्तो छ । रमिता मात्रै नभएर फैसलामा पनि लेखिदिन्छ यसो यसो भएको भनेर । अनि छापिन्छ पत्रपत्रिकामा । अब पो हुन्छ सक्कली बेइज्जती । यसरी मुद्दा जित्दा जित्दै हारिन्छ । यो प्रक्रिया छ । कानुन र राज्यले दिएको लाभ समेत ग्रहण गर्न नसक्ने भएपछि हाम्रो प्रणालीको औचित्य रह्यो र ? यसो हो भने हामी कसको लागि सोच्दैछौं ? हामी कसलाई कमजोर बनाउँदैछौं, महिलाहरू कसरी कमजोर भइराखेका छन् ? यो समस्या हामीमै छ ।

अब महिलालाई आफ्नो लाभ कसरी उपयोग गर्न सक्ने बनाउने भन्ने विषय प्रमुख हो । यसका लागि हामी सबैले मानिस भएर सोच्न आवश्यक छ । राज्यले पनि आफ्ना नागरिकलाई सुरक्षाको अनुभूति दिलाउन र संरक्षणमा लगानी गर्न आवश्यक छ । अन्यथा, समाज असभ्य हुँदै जान्छ । किनभने, एउटा सुयोग्य महिला समाजको सम्पत्ति हुन् । सुयोग्य भएन वा आफ्नो योग्यता अनुसारको लाभ कुनै पनि महिलाले लिन सकेन भने उनी कसरी सुयोग्य हुनसक्छिन् ? त्यसो भएन भने त्यो महिलाबाट समाजले कसरी लाभ लिन सक्छ ? यसकारण राज्य र समाज गम्भीर हुन आवश्यक छ ।

सुरक्षा दिने भनेको फेरि पनि न्यायमा अपमान हुँदैन, न्यायमा मार्गप्रशस्त गर्दा सहयोग प्राप्त हुन्छ र अनुकूल वातावरण प्राप्त हुन्छ भन्ने विश्वास दिलाउनु हो । सभ्य र सौम्य व्यवहार गरिन्छ भन्ने हो । जोखिमहरू बढाइँदैन, क्षतिपूर्ति दिलाइन्छ भन्ने हो । प्रतिवादीहरूबाट भौतिक असुरक्षा हुन्छ भने राज्यले पीडितको सुरक्षाको पनि ग्यारेन्टी गर्नुपर्छ । यी सबै तारतम्य मिले मात्रै पीडितले पीडा भन्न सक्छ र राज्यले दोषीलाई दण्डित गर्न सक्छ । यसले न्यायको अनुभूति दिलाउँछ ।

संसारका कैयन् मुलुकले पीडित वा साक्षीहरूको संरक्षणका लागि धेरै ठूलो लगानी गरेको पाउन सकिन्छ । लगानी गर्नुपर्ने पनि हुन्छ । हामीकहाँ देख्नेले पनि भन्दैन । किनभने, भन्ने पनि प्रतिवादीबाट असुरक्षित हुन सक्छ । साक्षीले अदालतमा आएर आफ्नो सत्य वचनबाट पीडितलाई सहयोग गर्न नसक्ने प्रणाली वा त्यो वातावरण बन्यो भने न्याय हुन्छ कसरी ? अहिले त्यही त भइराखेको छ ।

हाम्रोमा साँचो बोल्न सक्ने, देखेको कुरा देखेको हुँ भनेर भन्ने हिम्मत गर्न सक्ने कति जना छन् ? न्यायको लागि त प्रमाण चाहिन्छ, साक्षी चाहिन्छ । त्यो गरिदिएन भने मुद्दा हाऱ्यो, प्रमाण पुगेन भन्छ । प्रमाण नपुगेको थिएन, नपुऱ्याइएको थियो, असहयोग भएको थियो । असहयोग किन गर्छन् ? सहयोग गर्ने वातावरण छैन ।

अष्ट्रेलियामा एउटा जेल अवलोकन गर्न गएको थिएँ । त्यहाँका जेलरले भन्दैथिए- भिक्टिम विकनेश प्रोटेक्सन स्किममा धेरै ठूलो लगानी हुन्छ । उदाहरणको लागि म कल्याण श्रेष्ठ साक्षी बस्नुपऱ्यो र बसें । तर, साक्षी बस्दा मेरो परिवार मारिदिन्छ, मलाई पनि मारिदिन्छ भन्ने भयो । राज्यलाई मेरो प्रमाण विना त्यो मुद्दा सफल हुन्न भन्ने लाग्यो । राज्यलाई मेरो प्रमाण नभई भएको छैन र म साक्षी बस्न डराइरहेको छु, असुरक्षित छु भनेर भने राज्यले मलाई आश्वासन दिन्छ ।

हाम्रोमा आएन भने म्याद काट्नु भन्छ । म्याद काट्दा पनि आएन भने कैद गर्नु, थुनिदिनुस्, अदालतलाई सहयोग नगरेर हुन्छ ? भनिन्छ । तर, साक्षीको सुरक्षा गर्छु भनेर प्रतिबद्धता व्यक्त गर्छ । अष्ट्रेलियाको मान्छेलाई क्यानाडामा व्यवस्थापनसम्म गर्दो रहेछ । नाम कल्याण श्रेष्ठ भन्ने बदलेर अर्कै नरेन्द्र प्रधान बनाइदिन्छ । अनुहार प्लास्टिक सर्जरी गरिदिने । नाम अनुसार युनिभर्सिटीको प्रमाणपत्र परिवर्तन गरिदिन्छ । नागरिकताको नम्बर, नाम र थर परिवर्तन गरिदियो । अन्तरमहादेशीय व्यवस्थापन गर्ने तहसम्म काम गरेर भए पनि प्रमाण जुटाउँछ ।

न्यायमा राज्य पराजित हुनु ठीक हो कि राज्यले लगानी व्यहोर्नु ठीक हो ? न्यायमा राज्य नै पराजित हुन्छ भने राज्य किन चाहियो ? न्याय राज्यको आधार हो भने विकास दोस्रो विषय हो । यसकारण आफ्ना नागरिकलाई नागरिक भएर, मलाई म भएर बाँच्न दिने पहिलो काम राज्यको हो । यो मेरो अधिकार हो । यो अधिकारको प्रत्याभूति नै सुरक्षा हो । यो सुरक्षाको लागि राज्यले लगानी गर्नुपर्छ, अन्यथा राज्यको औचित्य रहन्न । यसकारण पीडितको र साक्षीको सुरक्षाका लागि राज्य गम्भीर हुनुपर्छ । यसो हुँदा कानुनको अर्थ हुन्छ र प्रणालीको प्राण रहन्छ । राज्यको महत्व हुन्छ । यसको गहिरो चेतना हुन आवश्यक छ ।

*(साभार: अनलाइनखबर)*

# मापदण्ड नपुगेका नर्सिङ कलेज खुलाउन मन्त्रीकै लबिङ

काठमाडौं/स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेत गलत भाष्य तयार पारेर मापदण्ड पूरा गर्न नसकेकै कारण बन्द भएका नर्सिङ कलेज खुलाउन लागेका छन् । उनले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई समेत प्रभावित पारेर चिकित्सा शिक्षा ऐन संशोधनका लागि लबिङ तीव्र बनाएका छन् ।



तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले पनि ऐन संशोधन गरेको थियो । चिकित्सा शिक्षा आयोगको सहमतिविनै पठाइएको प्रस्ताव शिक्षा मन्त्रालयबाट कानुन मन्त्रालय पुगेको थियो, तर सरकार परिवर्तन भएपछि रोकियो ।

२० वैशाख २०८० मा नेपाली कांग्रेसको कोटाबाट स्वास्थ्यमन्त्री बनेका बस्नेतले पछिल्लो समय फेरि लबिङ तीव्र बनाएका छन् । उनका अनुसार ऐन संशोधनका लागि मन्त्रिपरिषदमा छलफल पनि भइसकेको छ ।

'ऐन संशोधन गम्भीर विषय हो भनेर प्रधानमन्त्रीले स्वास्थ्य मन्त्री, शिक्षा मन्त्री, दुबै मन्त्रालयका सचिव र चिकित्सा शिक्षा आयोगका उपाध्यक्षलाई राखेर छलफल गर्नुभएको छ', बुधबार पत्रकार सम्मेलन गरेर मन्त्री बस्नेतले भने ।

बस्नेतले दाबी गरेजस्तै प्रधानमन्त्रीको बोली पनि सार्वजनिक भएको छ । ४ मंसिरमा चिकित्सा शिक्षा आयोगको १२औं बैठकमा आयोगका अध्यक्ष समेत रहेका प्रधामन्त्री प्रचण्डले नर्सिङ कलेज सञ्चालनको मापदण्ड व्यवहारिक नदेखिएको बताएका थिए ।

उच्च स्रोतका अनुसार स्वास्थ्यमन्त्री बस्नेत १०० बेडको अस्पताल नभएका नर्सिङ कलेजलाई पीसीएल तथा ब्याचलर अध्यापनका लागि अनुमति दिन चाहन्छन् । यो सम्भव नभए ५० बेडका अस्पताल भएका नर्सिङ कलेजलाई पीसीएल अध्यापन अनुमति दिने गरी ऐन संशोधन गर्ने तयारी छ ।

चिकित्सा शिक्षा आयोगका सहअध्यक्षसमेत रहेका स्वास्थ्यमन्त्री बस्नेतले कानुन परिवर्तन गर्नका लागि आयोगका पदाधिकारीलाई दबाब दिइरहेको उच्च स्रोतले बताएको छ । मन्त्री आफैं लबिइङमा लागेपछि पढाउन कलेज सञ्चालकहरुले पनि नवीकरण गरि रहेका छन् ।

'ऐन परिवर्तन भएर सञ्चालन अनुमति आएको अवस्था सहज हुने हिसाबले नवीकरण भइरहेको छ', सीटीईभीटी स्रोतले भन्यो ।

### किन बन्द भएका थिए नर्सिङ कलेजहरू ?

स्वास्थ्य मन्त्रालयले २०६७ सालमा नर्सिङ जनशक्ति उत्पादन गर्ने कलेजको आफ्नै अस्पताल हुनुपर्ने निर्णय गरेको थियो । तत्कालीन समयमा मन्त्रालयले नयाँ खुल्ने कलेजले अनिवार्य अस्पताल बनाउनुपर्ने र सञ्चालनमा रहेका कलेजहरुको हकमा पाँच वर्षभित्र अस्पताल बनाइसक्न समयसीमा तोकेको थियो । तर कलेज सञ्चालकहरूले अटेर गरे, सरकारले दिएको समयसीमाभित्र अस्पताल बनाएनन् । सरकारले थप समय दियो, २०७४ असोज मसान्तसम्म अस्पताल बनाइसक्नुपर्ने भयो । कलेजहरुले यो समय पनि गुजारे, दबाब र प्रभावका भरमा कलेजहरुले अध्यापन अनुमति पाइरहे ।

प्राध्यापक केदारभक्त माथेमा नेतृत्वको उच्चस्तरीय कार्यदलको प्रतिवेदन, अनि चिकित्सा शिक्षा सुधारका अभियन्ता डा. गोविन्द केसीको पटक पटकको अनसनका क्रममा भएको सहमति कार्यान्वयन गर्ने क्रममा १० फागुन २०७५ मा चिकित्सा शिक्षा ऐन आयो । ऐनको दफा १२ मा नर्सिङ कलेज सञ्चालनका लागि अनिवार्य रुपमा १०० शय्याको आफ्नै अस्पताल हुनुपर्ने उल्लेख छ ।

ऐन प्रारम्भ हुनुभन्दा अघि आफ्नो अस्पताल सञ्चालन नभए पनि शैक्षिक कार्यक्रम सञ्चालन गरेका शिक्षण संस्थालाई ऐन प्रारम्भ भएको दुई वर्षभित्र स्वास्थ्य मन्त्रालयको तोकेको मापदण्ड अनुसार अस्पताल सञ्चालनमा ल्याउनुपर्ने समयसीमा तोकेको थियो । चिकित्सा शिक्षा ऐनमा एउटै शिक्षण संस्थाले विश्वविद्यालय र सीटीईभीटीका शैक्षिक कार्यक्रम सञ्चालन गर्न नपाउने प्रावधान पनि छ ।

तर स्वास्थ्य मन्त्रालयको निर्णय ७ वर्षसम्म लत्याएका नर्सिङ कलेजहरुले चिकित्सा शिक्षा ऐन-२०७५ को व्यवस्था कार्यान्वयन गर्न पनि रुचि देखाएनन् । विश्वविद्यालय र सीटीईभीटीका शैक्षिक कार्यक्रम पनि चलाइरहे ।

चिकित्सा शिक्षा आयोगले भने नयाँ नर्सिङ कलेजलाई तोकिएको मापदण्ड पुगेपछि मात्र सम्बन्धन दिने नीति लियो । पुराना नर्सिङ कलेजहरुको हकमा भने २०७७ फागुनसम्म आफ्नै अस्पताल सञ्चालन गरेका र ऐनमा तोकिएको सबै मापदण्ड पूरा भएकाहरुलाई मात्र सम्बन्धित विषयको शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति दियो । अरुको हकमा भने आयोगले सिट नै तोकिदिएन । मापदण्ड पूरा नगरेका नर्सिङ कलेजहरुले गत वर्षदेखि विद्यार्थी भर्ना लिन पाएनन् ।

### कलेज सञ्चालकको भाषा बोल्दै मन्त्री

पछिल्लो दिनमा मन्त्री बस्नेतले पत्रकार सम्मेलन, सार्वजानिक कार्यक्रम वा उद्घाटनमा भनिरहन्छन्, 'देशमा स्वास्थ्य जनशक्ति चार-पाँच वर्षमा अभाव हुनेछ । अब चिकित्सा शिक्षा ऐन परिवर्तन गरेर भएपनि सिट संख्या बढाउनुपर्छ ।'

चिकित्सा शिक्षा ऐनका कारण धेरै कलेज बन्द हुँदा पढ्न नपाएको र विदेश गएर पढ्न सक्ने अवस्था नहुँदा दैनिक चार-पाँच जना विद्यार्थी डिप्रेसनमा गएर मन्त्रालयमा गुनासो गर्न आएका उनले सुनाउँदै आएका छन् ।

तर यो नर्सिङ तथा मेडिकल कलेज सञ्चालकहरुले बनाइदिएको भाष्य हो, जसमा झुट बढी छ । गत साउनमा सडक आन्दोलन गर्दा नर्सिङ कलेज सञ्चालकहरुले नेपालमा नर्सिङ कलेज बन्द हुँदा भारतमा जाने विद्यार्थीको लर्को लागेको दाबी गरेका थिए । सीमावर्ती क्षेत्रका भारतीय कलेजमा नर्सिङ पढ्न जाने नेपाली विद्यार्थीहरुका कारण अर्बौं रकम बाहिरिएको बताएका थिए । अहिले स्वास्थ्यमन्त्री बस्नेतले मापदण्ड नपुगेका नर्सिङ कलेज खोल्न यही भन्न थालेका छन् ।

जबकी शिक्षा मन्त्रालयले पीसीएल नर्सिङ अध्ययनका लागि विदेश जान चाहने विद्यार्थीलाई नो अब्जेक्सन सर्टिफिकेट (एनओसी) नै दिने गरेको छैन । अनि, भारतमा आधारभूत नर्सिङका कोर्स गर्नका लागि न्यूनतम 'प्लस टु' योग्यता हुनुपर्छ । 'नेपालमा १० कक्षा पढेर स्टाफ नर्स पढ्न खोज्ने विद्यार्थीहरू भारत गएर नर्सिङ पढेर आए भन्ने कुरा अफवाह मात्रै हो' चिकित्सा शिक्षा आयोगका पूर्वउपाध्यक्ष डा. श्रीकृष्ण गिरीले भने, 'भारतमा आधारभूत नर्सिङका कोर्स गर्नका लागि न्यूनतम 'प्लस टु' योग्यता हुनुपर्छ ।' नर्सिङको उच्च शिक्षा अध्ययन गर्न जानेको संख्या पनि न्यून छ । चिकित्सा शिक्षा आयोगको तथ्यांकमा २०७७ असोजदेखि २०८० मंसिर १२ सम्म स्नातकतर्फ ३४२ र स्नातकोत्तरतर्फ ७१ जना विद्यार्थीले इलिजिबिलिटी सर्टिफिकेट लिएका छन् । स्वास्थ्य मन्त्री बस्नेतको अर्को दाबी छ, अब जनशक्ति उत्पादन नगर्ने हो भने चार-पाँच वर्षमा अभाव हुनेछ ।

मन्त्रालयकै अधिकारी भने उत्पादनको हिसाबले नर्सिङ जनशक्ति अभाव हुने अवस्था नभएको बताउँछन् । बरु जति उत्पादन भएका छन्, उनीहरुलाई देशमा टिकाइराख्नु चाहिँ चुनौतीपूर्ण बनेको छ । किनकी सरकारी सेवामा वर्षौंदेखि दरबन्दी सिर्जना भएको छैन । निजी अस्पतालमा सेवा सुविधा छैन । त्यसैले धेरै नर्सहरुको रोजाई अहिले वैदेशिक रोजगारी बन्न थालेको छ ।

'सरकारी सेवामा २० औं वर्षदेखि नर्सिङ दरबन्दीको नखुलेका कारणले अभाव देखिएको हो । निजीमा तलब सुविधा छैन', एक अधिकारीले भने, 'उत्पदानको हिसाबमा हेर्दा जनशक्ति अभाव हुने छैन । तर देशमा बसेर काम गर्ने वातावरण नभएका कारण उत्पादित जनशक्ति विदेश पलायन छन् ।'

सरकारी अस्पतालमा स्टाफ नर्स पाँचौं तहदेखि सेवा प्रवेश गर्छन् । कार्य सम्पादन मूल्यांकनका आधारमा उनीहरू छैटौं तहसम्म जान सक्छन् । तर सातौं तहमा प्रवेश गर्न लोकसेवा आयोगको परीक्षा उतीर्ण गर्नुपर्छ । सातौं तहमा लोकसेवा आयोगले विज्ञापन नखोलेको वर्षौं भइसक्यो, जसका कारण धेरै जनशक्ति २०/२५ वर्षदेखि छैटौं तहमा काम गरिरहेका छन् । यो अवधिमा धेरैले नर्सिङमा स्नातक र स्नातकोत्तर तहको अध्ययन समेत पूरा गरिसकेका हुन्छन् । तर स्वास्थ्य संस्थामा योग्यता अनुसारको पद नपाएपछि कतिपय शिक्षण पेशामा जान्छन्, धेरै नर्स चाहिँ बाहिर (विदेश) जान बाध्य छन् ।

नर्सिङ काउन्सिलकी अध्यक्ष सरला केसी पनि राज्यले व्यवस्थापन नगरेका कारण नर्सहरुको बिदेशिएको बताउँछिन् । 'अहिलेको उत्पादन आधारमा बजारमा भएका नर्सले रोजगारी पाएका छैनन् । त्रिवि शिक्षण अस्पतालले ३०० नर्स माग्दा ३ हजार भन्दा बढीको आवेदन परेको छ', केसी भन्छिन्, 'बजारमा नर्स नभएका होइनन्, राज्यले व्यवस्थापन गर्न नसक्दा यो अवस्था आएको हो ।'

अधिकारीहरुका अनुसार सरकारी सेवामा दरबन्दी सिर्जना गर्ने र निजी अस्पतालमा पनि सरकारी सरह सेवा सुविधा पाउने अवस्था नबनाउने हो भने जति जनशक्ति उत्पादन गरेपछि पनि अवस्था फेरिने छैन । तर मन्त्रीको ध्यान काम गर्ने वातावरण बनाउनुभन्दा अभाव देखाएर मापदण्ड नपुगेका कलेज खोल्नेतिर छ ।

### माग अनुसार उत्पादनमा समस्या छैन

ऐनले तोकेको मापदण्ड अनुसार प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सीटीईभीटी) बाट मान्यता प्राप्त ६६ नर्सिङ कलेजको पीसीएल तहको कार्यक्रम खारेज भएको छ । सीटीईभीटीका आंगिक, साझेदारी र निजी गरी पीसीएल नर्सिङ अध्यापन गराउने ५३ वटा कलेज सञ्चालनमा छन् र प्रत्येक कलेजमा ४० सिट तोकिएको छ ।

चिकित्सा शिक्षा आयोगका अधिकारीहरु पनि नेपालमा नर्स उत्पादन कम भएको र केही वर्ष जनशक्ति अभाव हुने भनाइ खारेजीमा परेका नर्सिङ कलेज सञ्चालकको भएको बताउँछन् । 'हामीकहाँ नर्सिङ पढाउनका लागि छुट्याइएको सिट संख्या नै भर्नामा खपत भएको छैन । स्नातक तहमा आयोगले लिएको परीक्षामा तोकिएको सिट संख्यामा नर्स भर्ना भएका छैनन्', ती अधिकारीले भने ।

चिकित्सा शिक्षा आयोगको तथ्यांक अनुसार आर्थिक वर्ष २०७९/८० मा नेपालमा बीएन नर्सिङ अध्ययनका लागि एक हजार ३१० सिट तोकिएको थियो, जसमध्ये ६१७ खाली रहे । आर्थिक वर्ष २०७८/०७९ मा ९३४ र २०७७/०७८ मा ३२० सिट खाली गए । बीएससी नर्सिङतर्फ आर्थिक वर्ष २०७७/०७८ तोकिएका सिटमध्ये ९३९ खाली रह्यो भने आर्थिक वर्ष २०७८/०७९ मा ६७९ र आर्थिक वर्ष २०७९/८० मा ५ सिट खाली भएका छन् ।

आयोगकै स्वास्थ्य जनशक्ति प्रक्षेपण-२०७९/२०८७ ले पनि नेपालमा नर्सिङ लगायत स्वास्थ्य जनशक्तिको माग र आपूर्तिको अवस्थाबारे धेरै कुरा बोल्छ ।

प्रतिवेदन अनुसार नेपालमा २०७७/७८ सम्म स्टाफ नर्स पास गर्नेहरुको संख्या ७२ हजार ५५० थियो । उनीहरुमध्ये ५० हजार ७८५ जना कार्यरत थिए । प्रतिवेदनको प्रक्षेपण अनुसार २०८७/८८ सम्म पुग्दा नेपालमा स्टाफ नर्सको आवश्यकता ४३ हजार ०५६ पुग्नेछ । जबकी नेपाल नर्सिङ काउन्सिलको अद्यावधिक तथ्यांकअनुसार २०८० मंसिर १ सम्ममा नेपालमा नर्स र अनमी गरेर दर्ता हुनेको संख्या १ लाख १५ हजार ८४१ पुगिसकेको छ ।

### मापदण्ड र गुणस्तरको साइनो

चिकित्सा शिक्षा आयोगका अधिकारीहरुका अनुसार १०० बेडको आफ्नै अस्पताल नभएका कलेजलाई नर्सिङ पढाउन नदिने व्यवस्था गर्नुको कारण हो उत्पादित जनशक्तिको गुणस्तर । पीसीएलको तीन वर्षे कोर्स छ, जसमा सैद्धान्तिक ज्ञानसँगै अस्पतालमा आधारित प्राक्टिकल हुन्छ ।

पहिलो वर्षमा १ हजार ५६० घन्टा क्रेडिट आवरको सैद्धान्तिकसँगै प्राक्टिकल गर्नुपर्ने हुन्छ । जसमा ७२० घन्टा सैद्धान्तिक कक्षाकोठामा, प्रयोगात्मकका लागि अस्पतालमा ६३० घण्टा र समुदायमा २१० घण्टा (बिरामीको चेकजाँच) मा बिताउनुपर्ने हुन्छ ।

दोस्रो वर्षमा ५०० घण्टा सैद्धान्तिक कक्षकोठामा अध्ययन गर्नुपर्छ । प्रयोगात्मकका लागि अस्पतालमा ७६१ घण्टा र समुदायमा २४० घण्टा (बिरामीको चेकजाँच) बिताउनुपर्ने हुन्छ । तेस्रो वर्षमा ५५० घण्टा केडिट आवर सैद्धान्तिक अध्ययन हुन्छ भने १ हजार २२ घण्टा प्रयोगात्मकका लागि अस्पतालमा बिताउनुपर्ने हुन्छ ।

नर्सिङ शिक्षकहरुका अनुसार प्रयोगात्मक अभ्यासमा दख्खल नबनाएसम्म गुणस्तरीय नर्स उत्पादन गर्न सकिन्न । 'कलेज खोलेर मात्रै हुदैन, उत्पादित नर्स कति गुणस्तरका छन् भन्ने हेर्नुपर्छ', नर्सिङ काउन्सिलकी अध्यक्ष केसी भन्छिन् । विद्यार्थीहरुले पर्याप्त प्रयोगात्मक अभ्यास गर्न पाउन् भनेर नै नर्सिङ पढाउने कलेजसँग आफ्नै १०० बेडको अस्पताल अनिवार्य गरिएको थियो ।

ऐनको प्रावधानले चिकित्सा शिक्षा र स्वास्थ्य क्षेत्रको गुणस्तर सुधार भएको चिकित्सा शिक्षा सुधारका अभियन्ता प्रा.डा गोविन्द केसी बताउँछन् । तर स्वास्थ्यमन्त्री बस्नेत भने शैक्षिक र मेडिकल माफियाहरुको स्वार्थमा आयोगलाई तहसनहस बनाउन लागेको उनको आरोप छ ।

तर मन्त्री मात्र होइन, प्रधानमन्त्री समेत उनले बनाएको भाष्यबाट प्रभावित भएको देखिन्छ । ४ मंसिरमा चिकित्सा शिक्षा आयोगको १२ औं बैठकमा आयोगका अध्यक्षसमेत रहेका प्रधानमन्त्री प्रचण्डले भनेका छन्, 'नर्सिङ कलेज सञ्चालन गर्न १०० बेडको अस्पताल चाहिने प्रावधान अलि व्यवहारिक देखिएन । नेपालमा मापदण्डका नाममा थुप्रै कलेज बन्द भए । छिमेकमा धमाधम खुल्न थालेका छन् । यसलाई संशोधन गनुपर्ने आवश्यकता देखिएको छ ।'

उनले स्वास्थ्यका प्राविधिक जनशक्ति विदेशिने क्रम तीव्र भएकाले पनि नर्सिङ कलेजहरुको सिट समेत बढाउनुपर्ने बताएका छन् ।

चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष डा. अञ्जनीकुमार झा भने हालसालै गरेको स्वास्थ्य जनशक्ति प्रक्षेपणमा नर्सिङको जनशक्ति अभाव नभएको प्रष्ट देखिएको बताउँछन् । नर्सिङ शिक्षामा देखा परेको समस्या खोज्नका लागि आयोगले ७ सदस्यीय कार्यदल गठन गरेको भन्दै उनले भने, 'कार्यदलले एक महिनाभित्र सत्यतथ्य बाहिर ल्याउनुहुन्छ । त्यसपछि अझै प्रष्ट पार्न सकिएला ।'

*(स्रोत: अनलाइनखबर)*

# सम्बन्ध र द्वन्द्वको कथा बोल्ने 'चित्रा' पोस्टर

काठमाडौं/घनश्याम लामिछानेको निर्देशनमा बनेको फिल्म 'चित्रा'को कथासार बुझाउने उद्देश्यसहित 'क्यारेक्टर' पोस्टर सार्वजनिक गरिएको छ । मंगलबार सार्वजनिक तीनवटा पोस्टरमा सम्बन्ध र द्वन्द्वको मिश्रण छ । एउटा पोस्टरमा बाबुछोरीको सम्बन्ध दर्शाइएको छ भने दोस्रो पोस्टरमा तीन पुरुष पात्र 'इन्टेन्स लुक'मा प्रस्तुत छन् । तेस्रो पोस्टरले तीन महिला पात्रको मनोदशा र परिस्थिति बोलेको छ ।




मुलतः बाबु-छोरीको सम्बन्धको कथामा आधारित रहेको फिल्ममा अर्पण थापा, सन्तोष अधिकारी, प्रमोद अग्रहरी, शुभेक्षा खड्का, मेनुका प्रधान, अञ्जना बराईली, सिम्रन खड्का, आयुशी ढकाल, विनोद पौडेल, कपिल शर्मा, कुमार गुरुङ, उज्वल ढकाल, दिपेश गजुरेल आदिको अभिनय छ । फिल्मका निर्माता आशिष थापा मगर हुन् भने अभिनेता अधिकारी आफैं कार्यकारी निर्मातामा छन् ।

अजय अधिकारीको कथा तथा मनिष गौतमको पटकथा लेखन रहेको फिल्ममा महेश पौडेलको छायांकन, राजनराज सिवाकोटीको संगीत, महेश पौडेलको छायांकन, बनिश शाह र सन्देश शाहको सम्पादन छ । सन्तोष अधिकारी फिल्म्स एवं अस्याप इन्टरटेन्मेन्ट नेपाल र अस्ट्रेलियाको निर्माणमा बनेको फिल्मको नेपाल वितरणको जिम्मा भने केदार पराजुलीको श्री कृष्ण फिल्म्सले लिएको छ ।

# हिन्दी फिल्म 'ऐरी'मा प्रदीपको सिकारी अवतार

काठमाडौं/फिल्म 'प्रेमगीत ३' हिन्दीमा स्वरांकन भएर भारतमा समेत प्रदर्शन भएपछि अभिनेता प्रदीप खड्का लागि बलिउड प्रवेशको ढोका खुलेको थियो । अब उनले हिन्दी भाषामा बन्न लागेको फिल्म 'ऐरी'मा मुख्य भूमिकामा अभिनय गर्ने भएका छन् । मंगलबार मोसन पोस्टर र टिजर मार्फत् यो फिल्मको घोषणा गरिएको हो । टिजरमा प्रदीपलाई ऐरी अर्थात् सिकारी अवतारमा प्रस्तुत गरिएको छ ।





शिरमा गुथेको फेटामा खुकुरी सिउरिएका उनी लामो कपालसहित चित्रित छन् । पृष्ठभूमिमा भने गर्जिएको बाघ छ, जसले प्रदीपको चरित्रबारे बयान गर्छ । टिजरको अन्तिममा उनी रिसाह मुद्रामा खुकुरी प्रहार गरेको अवस्थामा प्रस्तुत छन् । मल्टीमेटका सञ्चालक जीवन थापाको निर्देशनमा तयार हुन लागेको फिल्म हिन्दीसहित अंग्रेजी, तमिल र नेपाली भाषामा पनि निर्माण हुने जनाइएको छ ।

फिल्मलाई सुवास काले, प्रशान्तकुमार गुप्ता र राजन कुँवर ले संयुक्त रुपमा निर्माण गर्नेछन् । सुवास र प्रशान्त भारतीय निर्माता हुन् । सुवासले 'प्रेमगीत ३'लाई हिन्दीमा डब गरेर भारतका हलमा प्रदर्शन गरेका थिए । त्यसबेलादेखि उनीसँग प्रदीपको राम्रो सम्बन्ध स्थापित भएको थियो । फिल्मको अधिकांश छायांकन नेपालमा गरिनेछ । प्रायः कलाकार र प्राविधिकहरु पनि नेपालकै रहनेछन् ।

फिल्मलाई अर्को वर्ष अर्थात् २०२४ मा रिलिजको तयारी गरिएको छ । छायांकन भने फागुनपछि सुरु गर्ने तयारीमा निर्माण टिम छ । प्रदीपको यो पहिलो बलिउड फिल्म हुनेछ । उनले नेपाली फिल्मलाई 'ऐरी'मार्फत् बलिउड प्रवेशको एउटा सुनौलो मौका मिलेको बताएका छन् । अहिले भारतमै रहेका उनले फिल्ममा भारतका केही स्थापित कलाकारहरुलाई लिने तयारी भैरहेको पनि बताए ।

# 'दुई कदम'को गीतमा वर्षा र इओनको डान्स

काठमाडौं/यही मंसिर २९ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'दुई कदम'को डान्सिङ शैलीको गीत सार्वजनिक गरिएको छ । 'ए मेरा बाबै नि' बोलको गीतमा फिल्मका मुख्य अभिनेता इओन लिम्बु र अभिनेत्री वर्षा सिवाकोटीले छरितो नृत्य प्रस्तुत गरेका छन् । क्लबमा खिचिएको गीतको अडियो तथा भिडियो आकर्षक छ । यो गीतले फिल्मको हाइप निर्माण गर्न ठूलो सहयोग गर्ने देखिन्छ ।



गीतमा आशिष अविरलको संगीत, निरुषा भट्टराईको शब्द रचना तथा आशिष र निरुषाको युगल स्वर छ । कविराज गहतराजको कोरियोग्राफी रहेको गीतलाई सौरभ लामाले छायांकन गरेका हुन् । वर्षा फिल्मको यो गीतमा मात्र देखिनेछिन् । गीतका लागि मात्र निर्माण टिमले १३ लाखभन्दा बढी खर्च गरेको जानकारीमा छ । सामाजिक प्रेमकथामा बनेको फिल्मका निर्देशक उदय सुब्बा हुन् ।

यो फिल्ममा सिमोन गिरि, सुनिल थापा, कविता आले, सुरवीर पन्डित, प्रेम सुब्बा, गौरव पहारी, बुद्धि तामाङ, अर्जुन गुरुङ, विमला लिम्बु, जिवन लिम्बु, चन्दा दाहाल, प्रितिका शर्माको पनि अभिनय छ । अजम्बरी फिल्मस्को ब्यानरमा निर्माण भएको फिल्ममा तारा देवी लिम्बुको लगानी रहेको छ । दयाराम घिमिरेको कथा तथा पटकथा लेखन रहेको 'दुई कदम'लाई विक्रम डिसीले खिचेका हुन् ।

फिल्ममा आशिषसँगै ताराप्रकाश लिम्बु र विकास चौधरीको संगीत, डिपी खनालको गीत लेखन, कविराजसँगै रामजी लामिछानेको कोरियोग्राफी, राजु किराँतीको द्वन्द्व निर्देशन र प्रविन ढकालको सम्पादन रहेको फिल्मलाई रिच इन्टरटेनमेन्ट र एफडी कम्पनीले वितरण गर्दैछन् ।

निर्देशक सुब्बाले फिल्मले प्रेमकथालाई मुख्य विषय बनाएर सामाजिक कथा पनि उठान गरेको बताएका छन् ।

# 'रङ्गेली'मा अर्पण बने भगवान् दादा

काठमाडौं/अभिनेता अर्पण थापाले भिलेनको रुपमा स्थापित गरिरहेका छन् । 'प्रसाद २' र 'दिमाग खराब'मा उनले नकारात्मक चरित्रमा गरेको अभिनयको प्रशंसा भएको थियो । अब उनी आगामी फागुन २५ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'रङ्गेली'मा पनि भिलेनको भूमिकामा देखिँदैछन् । मंगलबार निमाण टिमले सार्वजनिक गरेको उनको क्यारेक्टर लुक्स पोस्टरले यही संकेत गर्छ ।

पोस्टरमा अर्पणको कपाल सेताम्मे छ । कानमा मुद्रा लगाएका उनको घाँटीमा सुनको सिक्री झुण्डिएको छ । काँधमा गम्छा भिरेका उनको लुक्स आकर्षक छ । उनलाई भगवान् दादाको रुपमा चित्रण गरिएको छ । उनको लुक्सले 'रङ्गेली'मा उनी ग्याङस्टारको भूमिकामा रहेको बुझाउँछ । यसअघि सार्वजनिक पोस्टरमा अभिनेता दयाहाङ राई पनि ग्याङस्टार लुक्समा प्रस्तुत भएका थिए ।

अर्जुन सुवेदीको निर्देशक तथा लेखन रहेको फिल्ममा दयाहाङ र अर्पणका साथै मिरुना मगर, प्रवीण खतिवडा, रमेश बुढाथोकीको पनि अभिनय छ । फिल्ममा हर्क साउद, अर्जुन सुवेदी र सविन सिंहको शब्द रचना, सुशान्त गौतम र हर्कुलस बस्नेतको संगीत छ । फिल्मको कार्यकारी निर्माता जीतेन्द्र खतिवडा र अनुज जङ्ग थापा हुन् भने निर्मातामा संसार चौलागाईं र रमेश भट्टराई वशिष्ठ छन् ।

युवक कार्की र शिव शंकर चौलागाईं सह-निर्माता र विवेक खड्का (योलो) एशोसियट निर्मातामा रहेको फिल्मका छायाँकार सुशन प्रजापति हुन् । जापान, कोरिया र हङकङमा उज्ज्वल गुरागाईं र यूएनए इन्टरटेन्मेन्टले फिल्म रिलिज गर्दैछन् भने अमेरिकामा 'एक्का बास्सा इन्टरटेन्मेन्ट' र 'लाइभ एट प्रिजेन्ट' र अष्ट्रेलियामा 'हट बिट्स ईभेन्टस्'ले फिल्मको प्रदर्शन अधिकार किनेका छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

हेटौंडा उपमहानगरपालिका
१० नं वडा कार्यालयको सूचना
बालश्रम बालविकासमा असर पार्ने शोषणजन्य कार्य हो । बालश्रमले बालबालिकाको वृद्धि र विकासमा गम्भीर असर पार्ने गर्दछ । यसको अन्तका लागि सरोकारहरुले गम्भीर भएर सोच्नु जरुरी छ ।
फूर्वा दोर्जे तामाङ्ग
(वडा अध्यक्ष) तथा
१० नं. वडा कार्यालय परिवार

# बागमती प्रदेशका १० ठाउँमा लेखा कार्यालयको इकाइ खोल्ने निर्णय

साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/ बागमती प्रदेश सरकारले ३ वटा निकायको संगठन संरचना तथा व्यवस्थापन स्वीकृत गरेको छ । बागमती प्रदेशको मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले आर्थिक मामिला तथा योजना मन्त्रालय अन्तर्गतको २ वटा, प्रदेशसभा सचिवालय र मुख्य न्यायाधीवक्ताको कार्यालयको संगठन संरचना तथा व्यवस्थापन स्वीकृत गरेको हो ।

प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री बहादुरसिंह लामाका अनुसार मन्त्रीपरिषद् बैठकले सरकार मातहतको संरचना थप गर्दै कर्मचारी दरवन्दी तेरिज (संगठन संरचना तथा व्यवस्थापन) स्वीकृत गर्ने निर्णय गरेको हो । सरकारले प्रदेशका १३ जिल्लाका विभिन्न १० स्थानमा लेखा इकाइ कार्यालय गठन गर्दै दरवन्दी तेरिज स्वीकृत गर्ने निर्णय गरेको मन्त्री लामाले बताए ।

बैठकले आर्थिक मामिला मन्त्रालय अन्तर्गत ४४ वटा दर वन्दीबाट ३ वटा घटाएर ४१ वटा कायम गरेको छ भने प्रदेश लेखानियन्त्रण कार्यालयमा २० वटा दरवन्दी कायम गरेको बताए । सरकारले प्रदेश लेखा इकाइ कार्यालयहरुमा ६५ वटा दरवन्दी थप गर्ने निर्णय समेत गरेको छ । त्यस्तै मन्त्रिपरिषद् बैठकले प्रदेशसभा सचिवालय अन्तर्गत ५ वटा दरवन्दी थप गर्दै ४१ वटा कायम गरेको छ भने मुख्य न्यायाधिवक्ताको कार्यालयमा २ वटा दरवन्दी थप गर्दै १३ वटा कायम गर्ने निर्णय गरेको छ ।

प्रदेश सरकारले हालसम्म १४ वटा निकायको कर्मचारी दरवन्दी तेरिज स्वीकृत गरेको छ भने सरकारले स्वास्थ्य मन्त्रालय र उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयको कर्मचारी दरवन्दी तेरिज तयार गरी स्वीकृत गर्न बाँकी रहेको छ । बैठकले नमूना वडा समाजवादी कार्यक्रम कार्यान्वयनका लागि कार्यविधि स्वीकृत गरेको छ । प्रदेश सरकारले गत आर्थिक वर्षदेखि समाजमा रहेका असमानता र विभेदको न्यूनीकरण गर्न नमूना वडा समाजवादी कार्यक्रम अघि सारेको थियो ।

गत आर्थिक वर्षदेखि प्रदेश सरकारले नीति तथा कार्यक्रम र बजेटमा समेत समावेश गर्दै आएको नमूना वडा समाजवादी कार्यक्रम चालु आर्थिक वर्षमा समेत कार्यान्वयन गर्ने गरी बजेट विनियोजन गरिएको छ । कार्यक्रम कार्यान्वयनका लागि कार्यविधि स्वीकृत गरेको मन्त्री लामाले बताए । मन्त्री लामाले कार्यविधिका आधारमा प्रदेशका ११९ वटा स्थानीय तहका वडामा नमूना वडा समाजवादी कार्यक्रम कार्यान्वयन गरिने बताए । त्यस्तै बैठकले मन्त्रिपरिषद् सामाजिक विकास मन्त्रालय अन्तर्गतको मानवबेचबिखन तथा ओसारपसार विरुद्धको बागमती प्रदेशस्तरीय संरक्षण नीति २०८० स्वीकृत गरेको छ भने बागमती प्रदेश बालबालिका सम्बन्धी नीति २०८० स्वीकृत गरेको मन्त्री लामाले बताए ।

# हेटौंडाबाट खुद्रा सामानसहित चारवटा ट्रक नियन्त्रणमा

साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले खुद्रा सामानसहित चारवटा ट्रकलाई सोमबार हेटौंडाबाट नियन्त्रणमा लिएको छ ।

हेटौंडा उपमहानगर पालिका-१५ रातोमाटे चेकप्वाईन्टस्थित पूर्व-पश्चिम सडकखण्डबाट प्रहरीले विभिन्न नम्वरको चारवटा ट्रकलाई नियन्त्रणमा लिएको मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । प्रहरी नायवउपरीक्षक भण्डारीका अनुसार, रातोमाटेबाट खटिएको चेकिङ टोलीले वीरगञ्जबाट आउँदै गरेको सवारी साधनहरुमा बिलबिजक भन्दा बढी खुद्रा सामान बरामद भएपछि ती ट्रकहरुलाई नियन्त्रणमा लिएको हो ।

प्रहरीले वीरगञ्जबाट काठमाडौंतर्फ जाँदै गरेको ना ८ ख ४८४२ नम्वरको डब्बा गाडी, प्रदेश ३-०१-००५ ख ९८५१ नम्वरको ट्रक, ना ३ ख ५९५० नम्वरको ट्रक र वीरगञ्जबाट बुटवलतर्फ जाँदै गरेको ना ४ ख ८७२७ नम्वरको ट्रकलाई नियन्त्रणमा लिएको हो । सवारी साधनलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान तथा कार्बाहीका लागि राजस्व अनुसन्धान कार्यालय पथलैया पठाइएको प्रहरी नायवउपरीक्षक भण्डारीले बताए ।

# खचाखच दर्शकको साथमा थाहा फिल्म फेस्टिभल जारी

साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/थाहा नगरपालिकामा ९ मंसिरबाट सुरु 'थाहा फिल्म फेस्टिभल' जारी छ । फेस्टिभलअन्तर्गत् पालुङ जेसीज हलमा नेपाली कथानक चलचित्र, लघुचलचित्र र वृत्तचित्रहरु प्रदर्शन भइरहेको छ ।

निःशुल्क रुपमा देखाइएको फिल्म हेर्न दर्शकहरुको घुईचो लागिरहेको आयोजक थाहा कलाकेन्द्रले जानकारी दिएको छ । दर्शकहरु फिल्म प्रदर्शनीको तालिका हेरेर आफूलाई मन पर्ने र पायक पर्ने हिसावले फिल्म हेर्न आइरहेका छन् । ११ मंसिरमा चलचत्रि ऐना झ्यालको पुतली हेर्न अधिकांश बालबालिका आएका थिए । किशोरीको पढ्ने सपनालाई ऐनाको झ्यालमा अड्किएको पुतलीसँग तुलना गरेर तयार पारिएको ऐना झ्यालको पुतली हेर्न विद्यालयका शिक्षकहरुकै साथमा आएका थिए विद्यार्थीहरु ।

ऐना झ्यालको पुतलीपछि देखाइएको लघुचलचित्र र वृत्तचित्र हेर्ने दर्शकहरुको संख्या पनि उल्लेख्य रहेको फेस्टिभलका उपसंयोजक र ाजीवकुमार स्याङ्तानले जानकारी दिए । फेस्टिभलमा ऐना झ्यालको पुतली फिल्म प्रदर्शन लगतै प्रतिक्रिया दिदै निर्देशक सुजित बिडारीले भने, 'चलचित्र मनोरन्जनको माध्यम मात्रै हैन चलचित्रले समाजलाइ यथार्थपर



क चित्रण गरी समाज परिवर्तन गर्न ठूलो भूमिका निर्वाह गरेको र गरि रहेको पनि छ ।', समाजमा चलचित्र र चलचित्रकर्मीलाई हेर्ने नजर अझै पनि फराकिलो बन्न नसकेको निर्देशक विडारीको तर्क छ ।

विविध फेस्टिभल तथा कार्यक्रमले चलचित्रलाई हेर्ने दृष्टिकोण परिवर्तन गर्न मद्दत गर्ने उनको विश्वास छ । थाहा फिल्म फेस्टिभलले पनि यस कुरामा भर थेग गर्ने बताउँदै खुशी व्यक्त गरे । थाहा नगरपालिकाका लघुउद्यमीका लागि थाहा फिल्म फेस्टिभल एक अवसर बनेको छ । स्थानीय लघुउद्यमीले निर्माण गरेका हस्तकलाका सामग्री थाहा कोशेली घरमार्फत् फेस्भिटलमा विक्रीका लागि राखिएको छ भने घर्तिखोलाको अचार उत्पादक महिला समूहले उत्पादन गरेको स्वादिलो अचार विक्री गरिएको छ । अचार बिक्री तथा प्रदर्शनीका लागि समूहका लघुउद्यमी महिलाहरु आफैं खटिएको समूहकी शान्ति तामाङले बताइन् ।

जेसीज हलमा कार्यक्रम भइरहँदा निस्कने फोहोर आयोजकले आफैं व्यवस्थापन गर्ने गरेको छ । हरेक प्रदर्शनी सकिएलगत्तै स्वयम्सेवकमार्फत् हल तथा वरपरको वातावरण सरसफाइ गर्ने गरेको फेस्टिभल संयोजक प्रमोदकृष्ण जोशीले बताए । फेस्टिभल सञ्चालक समितिले फेस्टिभलमा अन्तर्राष्ट्रियस्तरमै पुरस्कार प्राप्त नेपाली चलचित्र, लघुचलचित्र र वृत्तचित्रहरु प्रदर्शनी भइरहेकोले यस्तो अवसर थाहानगरबासीका लागि फेरि फेरि नआउने भन्दै अवलोकनका लागि आग्रह गरेको छ ।

# नगरस्तरीय शैक्षिक समन्वय समितिमा लुईंटेल

साझाकुरा संवाददाता

हेटौंडा, १२ मंसिर/ नगरस्तरीय शैक्षिक समन्वय समितिको अध्यक्षमा भोगेन्द्र लुईंटेल चयन भएका छन् । निर्वाचन समितिले सोमबार सर्वसम्मत लुईंटेलको नेतृत्वमा समन्वय समिति गठन गरेको हो ।

समितिको उपाध्यक्षमा प्रतिमा गौतम, सचिवमा जनक धिताल, सहसचिवमा पूर्णचन्द्र काफ्ले र कोषाध्यक्षमा दिनेश उप्रेती निर्वाचित भए । यसैगरी, सदस्यहरुमा क्रमशः प्रेमप्रसाद पौडेल, सम्झना अधिकारी, आइतसिं ब्लोन, कृष्णप्रसाद पोखरेल, बालकुमार श्रेष्ठ, लक्ष्मी खनाल, श्यामसुन्दर शर्मा, विष्णुहरि गौतम, मुकेशकुमार मिश्र र सरस्वती चयन भएका छन् ।

समितिका सदस्य कृष्णप्रसाद पोखरेललाई परीक्षा उपसमितिको संयोजक तोकिएको छ । नवनिर्वाचित कार्यसमिति मध्येबाटै एक जनालाई अतिरिक्त क्रियाकलाप उपसमितिको संयोजक बनाइने समन्वय समितिका निवर्तमान अध्यक्ष सागरप्रसाद खतिवडाले बताए ।

# सहकारीको बचत सुरक्षण कोषमा अर्थ मन्त्रालयको असहमति

काठमाडौं, १२ मंसिर/ सहकारी क्षेत्र सुधार सुझाव कार्यदलको प्रस्ताव बमोजिम सहकारी क्षेत्रको बचत तथा कर्जा सुरक्षण कोषमा लगानी गर्न अर्थ मन्त्रालय तयार नभएपछि यो स्थापनाको विषय नै अन्योलमा परेको छ । कार्यदलको सुझाव अनुसार भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले कोष स्थापना गर्ने प्रस्ताव अर्थ मन्त्रालयमा पठाएको थियो । तर, त्यस विषयमा अर्थ मन्त्रालयले तत्काल कोषमा लगानी गर्न नसकिने बताउँदै फाइल अघि बढाएको छैन ।

कार्यदलको प्रतिवेदनमा अर्थ मन्त्रालयले कोष स्थापनाको निर्णय तत्काल गर्ने र तीन महिनाभित्र कोषको न्यूनतम चुक्ता पूँजी लगानी हुने सिफारिस गरेको थियो ।

कोष स्थापनाका लागि आवश्यक सेयर पूँजी लगानीको स्वीकृतिका लागि अर्थ मन्त्रालयमा केही समय अगाडि नै प्रस्ताव पठाएको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव गोकर्णमणि दुवाडीले बताए।

'बचत तथा कर्जा सुरक्षण कोषका लागि निश्चित रकम सेयर पूँजीको रुपमा तोकिएको छ, कोषको सेयर पूँजी ६० करोड हुने र त्यसमध्ये ४० प्रतिशतले हुने २४ करोड रुपैयाँ सरकारले लगानी गर्नुपर्छ । त्यसको प्रस्ताव अर्थ मन्त्रालयमा पठाइएको छ,' उनले भने, 'अहिले सरकारको आय कमजोर भएकाले पनि होला, त्यसमा छलफल पनि हुन बाँकी होला तर अर्थबाट अहिलेसम्म पनि निर्णय आएको छैन ।'

तर, अर्थ मन्त्रालय स्रोतका अनुसार कोषमा तत्कालै लगानी गर्ने भन्ने विषयमा मन्त्रालयको असहमति छ । 'अहिले सरकारको राजस्व संकलन अत्यन्तै कमजोर भएकाले सरकारलाई थप दायित्व सृजना हुने विषयमा मन्त्रालयको असहमति छ,' मन्त्रालय स्रोतले भन्यो ।

मन्त्रालयका प्रवक्ता धनिराम शर्मा भने सहकारीको बचत तथा कर्जा सुरक्षण कोष स्थापना गर्ने प्रस्ताव निर्णय गर्ने प्रक्रियामा रहेको बताउँछन् । 'बजेटमा उल्लेख नभएको कार्यक्रम भएकोले आर्थिक वर्षको बीचमा स्रोत सुनिश्चितता गर्न सक्ने अवस्था छैन,' उनले भने, 'अर्को आर्थिक वर्षको बजेटमै उल्लेख गरेर ल्याउनु भन्ने राय अर्थ मन्त्रालयले विभागीय मन्त्रालयलाई दिन सक्छ ।'

५ मंसिर मंगलबार अर्थतन्त्र सुधारका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आयोजना गरेको छलफलमा भने बचत तथा कर्जा सुरक्षण कोष तत्काल सञ्चालनमा ल्याउन निर्देशन दिएका थिए । अर्थ मन्त्रालयले भने स्रोत नभएको भन्दै अर्को आर्थिक वर्षको बजेटमा नै समावेश गरेर ल्याउन भूमि व्यवस्था सहकरी तथा गरिबी निवारण मन्त्रालयले राय सहितको सुझाव दिने बताएको छ । यसले सहकारी समस्या समाधानका लागि बचत तथा कर्जा सुरक्षण कोष चालु आर्थिक वर्षमा स्थापना हुने सम्भावना न्यून देखिन्छ । सहकारी समस्या समाधान सुझाव कार्यदलको प्रतिवेदनमा कार्यदलका प्रतिनिधित्व गरेका अर्थ मन्त्रालयका सचिव भुपाल बरालले असहमति जनाउँदै हस्ताक्षर नै गरेका छैनन् ।

कार्यदलको प्रतिवेदन उल्लेखित कोषको पूँजीको ४० प्रतिशत सरकारले लगानी गर्ने भन्ने विषयमै असहमति भएकाले मन्त्रालयका प्रतिनिधि भुपाल बरालले प्रतिवेदनमा हस्ताक्षर नै नगरेको स्रोतको दाबी छ । यसका अतिरिक्त सहकारी संस्थाहरुलाई सहुलियतपूर्ण ब्याजदरमा कर्जा उपलब्ध गराउन सरकारले कोषको व्यवस्था गर्ने प्रतिवेदनको सिफारिसमा पनि अर्थ मन्त्रालयको असहमति रहेको स्रोतले बताएको छ ।

सहकारी ऐन २०७४ को दफा १०१ मा नेपाल सरकारले प्रदेश सरकार वा स्थानीय तह तथा सहकारी संस्थाहरूको सहभागितामा संस्थाहरूले परिचालन गर्ने बचत र प्रदान गर्ने कर्जाको सुरक्षण व्यवस्थाका लागि एक सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गर्न सक्ने व्यवस्था छ ।

त्यस्तै, सहकारी नियमावली २०७५ को नियम ६४ मा बचत तथा कर्जा सुरक्षण कोषमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, नेपाल राष्ट्र बैंक, राष्ट्रिय सहकारी विकास बोर्ड, नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी संघ, नेपाल कृषि सहकारी केन्द्रीय संघ, राष्ट्रिय सहकारी महासंघ तथा नेपाल सरकारका अन्य निकायको समेत सेयर सहभागिता रहनसक्ने व्यवस्था गरेको छ । बचत तथा कर्जा सुरक्षण कोष स्थापनाका लागि न्यूनतम चुक्ता सेयर पूँजी ६० करोड रुपैयाँ हुने, सोको कम्तीमा ६० प्रतिशत संस्थाहरूले जम्मा गरेको हुनुपर्ने र बाँकी सरकारसहित अन्य संघहरुको लगानी हुने उल्लेख छ ।

(स्रोतः अनलाइनखबर)

# लैगिकहिंसाविरुद्ध अभिमुखीकरण

साझाकुरा संवाददाता



हेटौंडा, १२ मंसिर/ लैगिकहिंसाबिरुद्धको १६ दिने अभियान अन्तर्गत मनोसामाजिक तथा मानसिक स्वास्थ्य बिषयक स्याहारकर्ताहरुका लागि अभिमुखीकरण कार्यक्रम भएको छ । कोशिश मकवानपुरको आयोजनामा हेटौंडामा मंगलबार भएको कार्यक्रम सहभागीहरुले हिंसा निवारण, मनोसामाजिक स्वस्थ्य तथा लैङ्गिक समानताको सवालमा छलफल गरेका थिए ।

कार्यक्रममा स्वास्थकर्मी निर्मला लामाले लिंगको कारण हैन क्षमता सीप र योग्यताको आधारमा व्यबहार गर्नुपर्ने बताइन् । 'आफूले आफैंलाई जित्न सकेको दिन व्यक्तिले संसार जित्छ' लामाले भनिन् 'सकारात्मक उर्जाको कारण हिंसा न्यूनीकरण हुनमा जग बस्छ ।'

भीमफेदी, मनहरी र हेटौंडाको विभिन्न वडामा रहेका मनोसामाजिक समस्या भएकाहरुको स्याहारकर्तालाई सचेतनाको रुपमा कार्यक्रम गरिएको कोशिश मकवानपुर प्रमुख सुनिरा लामाले बताइन् । महिला, पुरुष वा अन्य जुनसुकै लैङ्गिक पहिचान भएपनि उनीहरुमाथि पहिचानको रुपमा हिंसा गर्न नहुने स्याङ्तानले बताइन् । सोचाइ र दृष्टिकोण सकारात्मक राख्न सहभागीलाई जानकारी गराइएको थियो ।

राज्यको हरेक तहमा विभिन्न प्रकारको हिंसा भोग्न परेको महिला तेस्रो लिङ्गी उपमा लामाले बताइन् । शारीरिक अवस्था हेरेर नभइ, एउटा सन्तानको रुपमा स्वीकार गर्न उनले सहभागीलाई अनुरोध गरिन् । यसैगरी कार्यक्रममा मानवअधिकार संगठन मकवानपुर अध्यक्ष शर्मिला श्रेष्ठले मानव अधिकारको सम्मानमा लिंग वा बर्गको सवालमा हेरिनु नहुने बताइन् ।

रिकभरी समूहका प्रतिनिधि उद्धब केसीले बालबालिका लागुऔषधमा फस्नुको कारण अभिभावकको कमजोरी हुनसक्ने बताए । उचित रेखदेख र निगरानीको अभावमा बालबालिका खराब लतमा फस्ने गरेको केसीले बताए । कार्यक्रममा जिसस मकवानपुरकी पूर्वउपसभापति भगवती पुडासैनीले आफूले हिंसा नगर्ने, हिंसा गरेको नसहने र हिंसाको प्रतिकार गर्नुपर्ने सुझाब दिइन् ।

अभिमुखीकरणमा लैंगिक हिंसाबारे जानकारी र यसको कारणले हुने मनोसमाजिक समस्या, लैंगिकहिंसा परेमा सहयोगका लागि उपलब्ध स्रोत र साधनबारे जानकारी, सहभागीहरुले मानसिक स्वास्थ्यको बारेमा जानकारी तथा व्यक्तिगत हेरचाहलगायतको जानकारी गराइएको हो ।

## कर्मचारी आवश्यकता

मितिः २०८०/०८/१३

यस कम्पनी संचालक समितीको मिति २०८००८।०७ को बैठक निर्णय अनुसार गठन भएको कर्मचारी पदपूर्ती समितिको मिति २०८००८।१२ गतेको बैठकबाट यस कम्पनीको कार्यालयको लागी तपसिल बमोजिम कर्मचारी आवश्यक भएकोले यो दरखास्त आव्हान गरिएको छ ।

**तपसिल बमोजिम** :
**पद** : कार्यालय सहायक
**उमेर** : १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको
**शैक्षिक योग्यता** : १२ कक्षा पास गरेको
**कार्य दक्ष** : कम्प्युरमा बेशिक कोर्स गरेको
**दरखास्त दस्तुर** : रु.५००।००
**दरखास्त दिने अन्तिम मिति** : २०८०/०८/१३ गते बिहान १० बजे देखि २०८०/०८/१५ गते शुक्रबार दिउँसो ३ बजे सम्म

**आवश्यक कागजपत्रहरुः**
- नेपाली नागरिता प्रमाणपत्रको प्रतिलिपी १ थान
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी १ थान
- पासपोर्ट साईसजको फोटो २ थान
- बिषेश ग्राह्यता अन्य संघ सस्थामा कार्य गरी नेपाली टाईप र ट्याली सम्बन्धी अनुभव भएकोलाई बिशेष मान्यता दिईने छ ।

ज्ञानेन्द्र बहादुर कार्की
(अध्यक्ष एवम पदपूर्ती समिती संयोजक)
**सार्वजनिक मकवानपुर यातायात प्रा. लि.**
बागमती प्रदेश, मकवानपुर, हेटौंडा-१

## जय शिव शम्भो

## धार्मिक यात्रामा जाने हो ?



मथुरा, वृन्दावनको लागि
२०८० मंसिर १४ गते
रिजर्भ बस खुल्दैछ

*(दर्शनीय स्थानहरुः राम जन्मभूमि अयोध्या, नैमिसारण्य, मथुरा, वृन्दावन, गोकुल, गोवर्धन, नन्दगाउँ, वर्सानाहुँदै ८ देखि ९ दिनमा नेपाल आइपुगिनेछ ।)*

भाडा प्रतियात्रु ने.रु. १६,०००।- लाग्नेछ ।
(विहान बेलुकाको खानासहित)

*(नोटः रिक्सा, टाँगा, धर्मशाला अन्य खर्च यात्रु स्वयम्ले व्यहोर्नु पर्नेछ ।)*

**सम्पर्कः**
गोपाल थापा
हेटौंडा बसपार्क
९८४५२९७६८१

## आदरणीय वडाबासीहरुमा जानकारीका लागि अनुरोध

नेपालको संविधान भाग ३ मौलिक हकको धारा ३८ अन्तर्गत बालबालिकाको हकको व्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४ र बालबालिका सम्बन्धी ऐन, २०७५" समेतलाई कार्यान्वयन गर्न गराउनका लागि तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोर किशोरीहरूले विवाह गरे गराएमा दुवै पक्ष कानुन बमोजिम दण्डनीय हुने हुँदा अरुलाई समेत सचेत गराई कानुनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं ।

साथै बालबालिकालाई निकृष्ट प्रकारको श्रम (जस्तैः मोटर ग्यारेज, होटेल, गिट्टी, बालुवा, सहचालक आदि)मा नलगाउन, १४ वर्ष मुनिका बालबालिकालाई कुनै पनि श्रममा नलगाउन सूर्तिजन्य पदार्थको खरिद बिक्री गर्ने कार्यमा बालबालिकालाई प्रयोग नगर्नु हुन र विद्यालयमा भर्ना गराई नियमित रूपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनुहुन हार्दिक अनुरोध छ । माथि उल्लेखित कानून विरुद्धका कार्यहरु भए वा गरे गराएमा कानून बमोजिम हुने व्यहोरा पनि जानकारी गराईन्छ ।

हेटौंडा उपमहानगर
**५ नं. वडा कार्यालय**
पिप्ले, हेटौंडा, मकवानपुर

## व्यक्तिगत घटना दर्ता सम्बन्धी सुचना

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्रै दर्ता गरौं र गराऔं ।

जन्म दर्ता किन गर्ने ?



- बालबालिकालाई स्कुल भर्ना गर्न
- नागरिकता र पासपोर्ट बनाउन
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न
- राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गर्न

हेटौंडा उपमहानगर
**१७ नं. वडा कार्यालय**
हटिया, हेटौंडा, मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना